# नेपाल पत्रकार महासङ्घ

# २५औं महाधिवेशनमा

## महासचिव उजिर मगरद्वारा प्रस्तुत

## महासङ्घको कार्यप्रगति र सांगठनिक अवस्थासम्बन्धी प्रतिवेदन

४-५ भदौ २०७४, काठमाडौं ।

# नेपाल पत्रकार महासङ्घ
# २५औं महाधिवेशनमा
# महासचिव उजिर मगरद्वारा प्रस्तुत
## महासङ्घको कार्यप्रगति र सांगठनिक अवस्थासम्बन्धी प्रतिवेदन
**४-५ भदौ २०७४, काठमाडौं ।**

**आदरणीय अध्यक्षमण्डल,**

**केन्द्रीय सभासद् साथीहरू,**

नेपाल पत्रकार महासङ्घको ६ दशकभन्दा लामो इतिहासको यो स्वर्णिम क्षणमा राजधानी काठमाडौंमा आयोजित २५औं महाधिवेशन (४-५ भदौ २०७४) मा महासचिवको हैसियतमा महासङ्घको कार्यप्रगति तथा सांगठनिक अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरव महसुस भैरहेको छ ।

सबैभन्दा पहिले म बाढी, पहिरो र डुबानका बाबजुद अनेक दुःखकष्ट व्यहोरेर महासङ्घको यो ऐतिहासिक महाधिवेशनमा भागलिन आइपुग्नु भएका तपाईं सम्पूर्ण सभासद्/प्रतिनिधि, पर्यवेक्षक साथीहरूलाई केन्द्रीय समिति तथा आफ्नोतर्फबाट हार्दिक स्वागत गर्दछु । साथै, स्थानीय तहको निर्वाचनको कारण महासङ्घको महाधिवेशन विगत केही वर्षदेखिको परम्परा अनुसार मे ३ मा सम्पन्न हुन नसकेको र पटकपटक स्थानीय तहको निर्वाचनको क्यालेण्डर परिवर्तन भएका कारण हाम्रो महाधिवेशन पनि प्रभावित भई केही ढिला हुन गएको कारण पुग्न गएको असुविधाप्रति क्षमा याचना गर्दछु । भावी दिनमा यस्तो परिस्थिति आइनपर्ने र हाम्रो विगतको परम्पराले नै निरन्तरता पाउने मेरो विश्वास छ ।

नेपाल पत्रकार महासङ्घ यत्तिकै यहाँसम्म आइपुगेको छैन । यसमा हाम्रा अग्रजहरूको महत्वपूर्ण देन रहेको छ । पत्रकारिताको अभ्यास गर्दागर्दै र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लड्दा लड्दै विगतदेखि ज्यान गुमाउनु भएका, विभिन्न घटनामा परी मृत्युवरण गर्नुभएका र यसै वर्षमात्र दिवंगत हुनु भएका नेपाल पत्रकार महासंघका पूर्वसभापति मणिराज उपाध्यायसहितका पत्रकारहरूप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । बेपत्ता र घाइते पत्रकारलाई श्रद्धापूर्वक स्मरण गर्दछु । साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता आन्दोलनको अभियानमा लामबद्ध हुने प्रेस स्वतन्त्रताप्रेमीहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । महासङ्घको यो निरन्तर अभियानमा भौतिक, आर्थिक, नैतिकरूपमा सहयोग गर्ने सबै सहयोगी मन र हातहरूप्रति केन्द्रीय समिति र आयोजक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

नेपाल पत्रकार महासङ्घको २५औं महाधिवेशनले तय गर्ने भावी रणनीतिका लागि **'व्यावसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार'** भन्ने मूल नारा अघि सारिएको छ । यहाँ देखिएको उत्साहजनक सहभागिताले यसलाई सार्थक बनाउन थप प्रेरणा मिलेको छ ।

यतिबेला महासङ्घ नयाँ संरचनाको जगमा उभिएको छ । नेपाली राजनीतिको ६ दशकभन्दा बढी समयदेखि बहसमा रहेको संविधानसभाबाट संविधान निर्माण गर्ने आकांक्षाले मूर्तता पाएसँगै महासङ्घले आफ्नो सांगठनिक ढाँचा पनि सोही बमोजिम पुनर्संरचना गरेको हो । सहभागी प्रतिनिधिहरूले महासङ्घका नयाँ संरचनाको ढाँचाबाट निर्वाचित हुने प्रक्रियामा पहिलो पटक सामेल हुने अवसर पाउँदै हुनुहुन्छ । राज्यको पुनर्संरचनासँगै २ नम्बर प्रदेश बाहेकका प्रदेशमा दुई चरणमा गरी स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । सरकारको प्रतिबद्धताअनुसार प्रदेश र संघीय संसद्को समेत निर्वाचन हुन सकेमा आगामी माघ ७ भित्रै संविधान कार्यान्वयनको एउटा चक्र पूरा हुनेछ र परिवर्तन संस्थागत हुनुका साथै लोकतान्त्रिक प्रणाली र नागरिक स्वतन्त्रताको जग बलियो हुनेछ ।

**आदरणीय अध्यक्षमण्डल एवं सभासद् साथीहरू,**

नेपाल पत्रकार महासङ्घको २४औं महाधिवेशनबाट अध्यक्ष डा. महेन्द्र विष्टको नेतृत्वमा निर्वाचित वर्तमान कार्यसमितिले आफ्नो पहिलो दुई वर्षको कार्यप्रगति, सांगठनिक गतिविधि, भावी कार्यक्रम तथा परियोजनासम्बन्धी प्रतिवेदन २०७३ वैशाख २१ गते चितवनमा सम्पन्न साधारण सभामा पेश भई पारित भइसकेको विदितै छ । अब म नीतिगतरूपमा समग्रमा र कार्यक्रमगतरूपमा साधारणसभापछिका कार्यप्रगति र अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

महासङ्घले वर्तमान कार्यसमिति गठन भएपछि २०७१ असारमा बसेको पहिलो कार्यमूलक बैठकबाट आगामी तीन वर्षको मूल नारा **'उत्तरदायी पत्रकारिता सक्षम पत्रकार : श्रममैत्री सञ्चार सशक्त महासङ्घ'** तय गर्दै यो अवधिमा गर्ने कामका मुख्य प्राथमिकता रूपमा ७ वटा प्रमुख एजेण्डाहरू तय गरेको थियो । महासङ्घले आत्मसात गरेका मुख्य ७ एजेन्डामा श्रमजीवी पत्रकार हकहित र सुरक्षा, महासङ्घको संगठनात्मक पुनर्संरचना र संस्थागत विकास, शुद्धीकरण र व्यावसायिक पत्रकारिता प्रवर्द्धन, पत्रकारको दक्षता अभिबृद्धि, मिडिया प्रवर्द्धन र व्यावसायिक विकास, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं नीतिगत र कानूनी सुधार, नागरिक अगुवा संस्थाका रुपमा क्रियाशीलता रहेका थिए । तिनै एजेण्डाको जगमा र यसबीचमा आइपरेका अन्य चुनौतीको सामना गर्दै तीन वर्षे अवधिको समग्र मूल्यांकन तथा भए गरेका काम कारवाही र हासिल भएका उपलब्धीलाई अब म बुँदागतरुपमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । यससम्बन्धी विस्तृत विवरण २०७३ वैशाख २१ गते चितवनमा सम्पन्न साधारण सभामा प्रस्तुत भई पारित भएको प्रतिवेदन एवं यस महाधिवेशनमा वितरण भएका पुस्तक, स्मारिका र अन्य प्रतिवेदनबाट पनि अवगत गर्नु हुने नै छ ।

## २४औं महाधिवेशनपछि यो तीन वर्ष तीन महिनाको अवधिमा महासङ्घले गरेका आवधिक प्रगति र विद्यमान अवस्था देहायबमोजिम छ :

### १. श्रमजीवी पत्रकारको हक, हित र सुरक्षा

श्रमजीवी पत्रकारहरुको अवस्थामा विगतको तुलनामा उल्लेख्नीय सुधार भए पनि सन्तोषजनक अवस्था अझै बन्न सकेको छैन । पत्रकार महासङ्घको इतिहासमा पहिलो पटक पत्रकारको दुर्घटना बिमा प्रारम्भ गरियो, स्वास्थ्य बिमासम्बन्धी अवधारणामाथि छलफल जारी छ । जेष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार सन्तति शैक्षिक वृत्तिलगायतका नयाँ कार्यक्रमहरू पनि सञ्चालनमा आएका छन् । यी कार्यहरूले कार्यथलोमा काम गर्ने श्रमजीवी, अग्रज पत्रकारहरूको मनोबल उचो र आत्मसम्मानको महसुस भइरहेको छ । महासङ्घ ट्रेड युनियन र श्रम अभ्यास गर्ने संस्थाका रूपमा स्थापित हुने बलियो आधार तयार भएको छ ।

पत्रकारको हत्या, बेपत्ता एवम् आक्रमणमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रता हनन्का घटना रोक्ने र दोषीलाई कारबाही गराउने, पत्रकारविरुद्धको हिंसाएवम् मिडियामा सेल्फसेन्सरसिपको अवस्था अन्त्यलगायत पत्रकारको भौतिक, पेशागत सुरक्षा र स्वतन्त्रताको जगेर्नाका लागि महासङ्घ निरन्तररूपमा क्रियाशील रही आफ्नो अभियानलाई निरन्तरता दिइरहेको छ ।

पत्रकार सुरक्षाको विषयलाई केन्द्रित गरेर राष्ट्रिय/अन्तर्राष्ट्रिय मिडिया मिसनसमेत सञ्चालन भइसकेको छ । राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर पत्रकार सुरक्षाका निम्ति संयन्त्र गठनको गृहकार्य पनि भइरहेको छ । जिल्ला स्तरमा यस्तो संयन्त्र निर्माणका लागि केही जिल्लामा नमूनाको रूपमा कार्य प्रारम्भ भैसकेको जिल्ला शाखा नेतृत्वलाई अवगतै छ ।

नेपाल पत्रकार महासङ्घको प्रतिनिधिसहित भएको अनुगमनको आधारमा न्यूनतम पारिश्रमिक निर्धारण समितिले सार्वजनिक गरेको प्रतिवेदनले पनि सुधारको संकेत त दिन्छ, तर सुधारका क्षेत्र अझै प्रशस्त रहेको देखाउँछ । महासङ्घको निरन्तर दबाब, आन्दोलनबाट यसअघि जस्तो मिडिया सञ्चालकहरूले 'निर्धारित

न्यूनतम पारिश्रमक दिन सक्दैनौं' भन्न सकेका छैनन् । यो अवधिमा न्यूनतम पारिश्रमिकमा दोब्बर बृद्धि गरिएको छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिको अनुगमन अनुसार न्यूनतम पारिश्रमिक नपाउनेको संख्या विगतभन्दा घटेको छ तर अहिले पनि ३२ दशमलव ३ प्रतिशत रहेको छ । ऐनले तोकेको न्यूनतम पारिश्रमिक मात्र पाउने ३५ दशमलव ७ प्रतिशत छन् भने तोकेभन्दा बढी पाउनेको संख्या ३२ प्रतिशत रहेको छ । (तीन वर्षे कार्यकालको पहिलो दुई वर्षमा श्रमजीवी पत्रकारहरुका लागि गरेको पहल, आन्दोलन वार्ता, कानुनी उपचार लगायत विषयको विस्तृत २१ वैशाख २०७३ चितवनमा सम्पन्न साधारण सभाद्वारा पारित प्रतिवेदनमा हेर्न सक्नुहुनेछ) । महासंघले पत्रकारहरूलाई परेका समस्या र पत्रकारका कारण उत्पन्न विवादहरू सन्दर्भमा पनि मिसन सञ्चालन तथा छानबिन गरेको छ ।

## २. कानुनी उपचार

यस अवधिमा महासङ्घमा स्थायी, पारिश्रमिक, विद्युतीय कारोबार ऐन, तबलभत्ता रोक, हाजिरी, अवकास, गाली बेइज्जती, सरुवा, नियुक्ति लगायत ३० वटा रिपोर्ट आएका थिए । ती सबैलाई कानुनी सहायता उपलब्ध गराइएको छ । कतिपय मुद्दाको फैसला पत्रकारको पक्षमा आएका छन् भने कतिपय विचाराधीन छन् (हेर्नुहोस्, अनुसूची-१) ।

## ३. प्रेस स्वतन्त्रता हनन्का घटना

नेपाल पत्रकार महासङ्घले प्रेस स्वतन्त्रता हनन्का घटनाको निरन्तर अनुगमन गर्दै आएको छ । सन् २०१४ मे देखि २०१५ अप्रिल अन्तिमसम्ममा प्रेस स्वतन्त्रता हनन्का १५५ वटा घटना भए (हेर्नुहोस्, अनुसूची-२) । जसमा शंकास्पद मृत्यु, पत्रकारलाई आक्रमण, दुर्व्यवहार, पक्राउ, सेवाबाट निकाला, सञ्चार माध्यममाथि आक्रमण लगायत थिए ।

सन् २०१५ मे देखि र अप्रिल २०१६ को अवधीमा प्रेस स्वतन्त्रताका हनन्का १३९ घटना भए (हेर्नुहोस्, अनुसूची-३), जसमा पक्राउ, कब्जा, आक्रमण, धम्की, आरोप, दुर्व्यवहार, काममा अवरोध, सवारी साधनमाथि आक्रमण लगायत थिए ।

सन् २०१६ मे ४ देखि मे २०१७ सम्म ७३ वटा प्रेस स्वतन्त्रता हनन्का घटना भए (हेर्नुहोस्, अनुसूची-४) । यो अवधिमा भएका प्रेस स्वतन्त्रता हनन्का घटनामध्ये सबैभन्दा बढी पत्रकार तथा सञ्चारगृहमा आक्रमणका १८ वटा घटना भए । अन्य घटनामा दुर्व्यवहार, पक्राउ, धम्की, सञ्चारगृह कव्जा, पत्रकार पक्राउलगायत छन् । तीन वर्षमा प्रेस स्वतन्त्रता हनन्का घटना कम भएको तथ्यांकले देखाए पनि स्वतन्त्र प्रेसमाथि चुनौती कामयै छ । यस अवधिमा भएका सबै घटनाको प्रतिवाद गर्दै स्वतन्त्र प्रेसको रक्षा र प्रवर्द्धनका लागि महासङ्घले सशक्त भूमिका निर्वाह गर्दै आएको छ ।

## ४. भूकम्पका कारण पत्रकारिता क्षेत्रमा भएको क्षति

२०७२ वैशाख १२ गते गएको विनासकारी भूकम्पको चपेटामा पत्रकार र सञ्चारगृह पनि परे । भूकम्पबाट १ हजार ८१३ जना पत्रकार प्रभावित भए भने गोरखापत्रमा आवद्ध पत्रकार सुमन भोम्जनको काठमाडौंमा र रेडियो प्लानेटमा आवद्ध कार्यक्रम प्रस्तोता सृजना लामाको सिन्धुपाल्चोकमा मृत्यु भयो भने भूकम्पमा परी घाइते भएका नेपालगञ्जबाट प्रकाशित दैनिक नेपालगञ्जका प्रबन्ध निर्देशक अच्युतराज सुवेदीको उपचारको क्रममा काठमाडौंमा निधन भयो । भूकम्पबाटै ३५ जना पत्रकारले आफन्त गुमाउनु पर्यो । त्यसैगरी १४ जना पत्रकार घाइते भए भने २० जना पत्रकारका आफन्त घाइते भए । भूकम्पले २६६ सञ्चारगृहमा भौतिक क्षति पुऱ्यायो । १ हजार १ सय ५८ पत्रकारका घर पूर्णरुपमा नष्ट भए भने धेरै पत्रकारको घरमा क्षति पुग्यो । सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रमा १ हजार ६ सय १८ पत्रकार तथा सञ्चारगृह प्रभावित रहे । भूकम्पमा परी

ज्यान गुमाएकाका परिवार, घाइते भएका पत्रकार र प्रभावित पत्रकारलाई महासङ्घले सहयोग गऱ्यो । उद्धार, राहत, पूर्वाधारमा सहयोगसँगै आर्थिकरूपमा समेत पत्रकारलाई सहयोग गऱ्यो । विपद्पछिको अवस्थामा सञ्चारमाध्यमले जिम्मेवारीपूर्वक काम गर्ने वातवारण सिर्जना गर्नमा पनि महासङ्घले महत्वपूर्ण भूमिका निर्वाह गरेको यहाँहरूलाई जानकारी नै छ ।

## ५. महासङ्घको पुनर्संरचना र विद्यमान अवस्था

नेपाल पत्रकार महासङ्घको २५औं महाधिवेशन प्रयोजनका लागि मुलुकभरबाट १३ हजार ४० जना र वैदेशिक शाखाबाट २७८ सदस्य गरी कुल १३ हजार ३ सय १८ पत्रकार सदस्य रहेका छन् । ७५ जिल्ला शाखा, ४१ प्रतिष्ठान, ११ एशोसिएट (संस्थागत) र ८ वैदेशिक शाखा गरी महासङ्घको १३५ वटा शाखा तथा एशोसियट संस्था रहेका छन् । विधान बमोजिम केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा संस्थागत समितिको व्यवस्था गरिएको छ । भौगोलिक हिसाबले ७ प्रदेश बमोजिम ७ वटै प्रदेश समितिको व्यवस्था गरिएको छ । त्यसबाहेक ३ नम्बर प्रदेशअन्तर्गतका काठमाडौं, ललितपुर, भक्तपुर जिल्लालाई एक, प्रतिष्ठान शाखालाई एक र एशोसिएट (संस्थागत) लाई एक प्रदेश मानेर महासङ्घले १० प्रदेशको परिकल्पना गरिएको छ । २५औं महाधिवेशन सम्ममा थप भएका नयाँ सदस्यहरुको संख्या ४०९२ रहेको छ ।

### (क) समावेशिता

पेशागत संगठनहरूमध्ये सबैभन्दा पहिलो र बढी समावेशी विधान लागू गर्नेमा महासङ्घ पर्छ । लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष र गहना समावेशिता नै हो । नेपाली समाजको बनोट जुन ढंगले बहुरंगी छ, त्यसै आधारमा महासङ्घमा सहभागिताको अभ्यासले साँच्चै नै मूर्तरुप पाएको छ । महासङ्घको ६ दशक बढी इतिहासमा पछिल्लो पटक जारी विधान सबैभन्दा बढी समावेशिताको सिद्धान्तलाई कार्यान्वयनमा ल्याएको छ । महासङ्घको साधारण सदस्य संख्याको आधार मान्ने हो भने १३ हजार ४० मध्येबाट २३ सय ६० पत्रकार महिलाहरूको सहभागी छ ।  त्यस्तै आदिवासी जनजाति, दलित, मधेसी पत्रकारहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।

### (ख) शुद्धीकरण र आन्दोलन

स्वच्छ, मर्यादित एवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासङ्घभित्र र पत्रकारिता जगतमा शुद्धीकरण अभियान सञ्चालन गरिने विषयमा काफी छलफल भए । महासङ्घमा आबद्ध सदस्य तथा पत्रकारले के गर्न हुने के गर्न नहुने विषय सधैं गम्भीररुपमा देखा पर्दै आएका छन् । महासङ्घले दीर्घरुपमा आलोचना बेहोर्नु परेको कुनै मुद्दा छ भने त्यो शुद्धीकरणको मुद्दा हो । आचारसंहिता पालनाका लागि प्रेस काउन्सिलमार्फत् अभियानै चलाउनु परेको छ ।

मुख्य गरी विराटनगर, वीरगञ्ज, बुटवल, पोखरा, नेपालगञ्ज जस्ता ठूला शाखाहरुबाट आएका सदस्यता र शुद्धीकरण अभियान उदाहरणीय छन्। यसअघि १० हजार ७७ जना सदस्य मध्ये ८९४८ जनाले मात्रै नवीकरण गरेको देखिन्छ । त्यसबाहेक नयाँ सदस्य संख्या थप ४०९२ जना  हो । महासङ्घको सदस्यता पाउनका लागि नियुक्तिपत्र लगायतको प्रावधान अनिवार्य गरिए पनि कतिपय ठाउँमा शाखाहरूबाट कार्यान्वयन हुन सकेनन् ।

### (ग) संगठनात्मक ढाँचा

नेपाल पत्रकार महासङ्घको ढाँचा । १ केन्द्र, १० प्रदेश (७ भूगोल, ३ महासङ्घको संरचना बमोजिम उपत्यकाका तीन जिल्ला १, प्रतिष्ठान १ र एसोसिएट १) र ८ वैदेशिक शाखा (कतार, कोरिया, दुबई, जापान, यूरोप, कुवेत, बेलायत र भारत) ।

**प्रदेशगत आधारमा सदस्य संख्या सहितको विवरण यस प्रकार रहेको छः**

| प्रदेश | कुल सदस्य संख्या | पुरुष | महिला | नयाँ सदस्य संख्या |
|---|---|---|---|---|
| १ | १४३४ | ११४७ | २८७ | २७९ |
| २ | ८५० | ७३९ | १११ | १९६ |
| ३ | १२८४ | १००४ | २८० | ३९३ |
| ४ | ९७४ | ७८२ | १९२ | २८६ |
| ५ | १७६१ | १४३१ | ३३० | ४६१ |
| ६ | ८०४ | ६९१ | ११३ | २३९ |
| ७ | ९९४ | ८७४ | १२० | ३५८ |
| ८ | उपत्यका २०८३ | १६७३ | ४१० | ६३८ |
| ९ | प्रतिष्ठान २१११ | १६९४ | ४१७ | ९५२ |
| १० | एसोसिएट ७४५ | ६४५ | १०० | २९० |
| | १३०४० | १०६८० | २३६० | ४०९२ |

## ६. पत्रकारको दक्षता अभिवृद्धितर्फ

पत्रकारको दक्षता अभिवृद्धिका लागि यस अवधिमा तालिमका कार्यक्रम सञ्चालन गरिएका छन् । विभिन्न परियोजनामार्फत खोज पत्रकारिता तालिमसमेत भएका छन् । यो सन्दर्भलाई यहाँ उल्लेख गरिरहँदा यो तीन वर्षे कार्यकालको एउटा गर्न नसकिएको काम भनेको पत्रकारिता पेशालाई मर्यादित बनाउने उद्देश्य सहित परिकल्पना गरिएको 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' को स्थापना नै हो । जुन प्रतिष्ठानलाई अहिले पनि प्रक्रियामा छ । तीन वटा बजेटमा राखेर पनि गठन हुन नसकेको यो प्रतिष्ठान अब केन्द्र र सातै प्रदेशमा स्थापना गर्ने गरी बजेट पारित भइसकेको छ । आशा गरौं अब चाँडै नै यसको गठन हुने छ । पत्रकारिता पेसालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवं उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नुपर्छ भन्ने महासङ्घको प्रष्ट धारणा र सोही अनुसार पहलकदमी रहँदै आएको छ ।

## ७. मिडियाको प्रवर्द्धन र व्यावसायिक विकासतर्फ

सरकारले २०७२ माघ २० गते २१ सदस्यीय सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति गठन गऱ्यो । महासङ्घको समेत संलग्नतामा गठित समितिले 'राष्ट्रिय आमसञ्चार नीति-२०७३' तयार पारी सरकार समक्ष पेश गऱ्यो । २०७३ साउनमै आमसञ्चार नीति जारी भइसकेको छ । त्यसमा भएका प्रावधानहरुलाई समयतालिका तयार पारेर कार्यान्वयन गर्न आवश्यक छ । नीति कार्यान्वयन भएमा महासङ्घले उठाउँदै आएका पत्रकार दक्षता बृद्धि, मिडिया प्रर्वद्धन, विज्ञापन नीति, मिडियामा लगानीजस्ता नीतिगत विषयहरूले

समेत सार्थकता पाउन सक्छन् ।

सूचना र प्रविधिको तीव्र विकासलाई आत्मसात् गर्दै छापा, रेडियो, टेलिभिजन, अनलाइनजस्ता सूचना तथा सञ्चार प्रविधिको एकीकृत सेवा र सुविधालाई प्रविधिगत सम्मिलन (Convergence) बाट निर्मित समुन्नत सूचना प्रणालीलाई प्रोत्साहन गर्ने गरी तयार पारिएको सञ्चार नीतिमा महासङ्घको समर्थन छ ।

सरकारी प्रसारणमाध्यमलाई सार्वजनिक सेवा प्रसारण (पिएसबी) मा लैजाने गृहकार्य भैरहेको छ। त्यस्तै अनलाइन पत्रकारितालाई व्यवस्थित बनाउने सन्दर्भमा धेरै छलफल भएका छन् । लोककल्याणकारी विज्ञापनवापतको वृद्धि रकम अघिल्लो आर्थिक वर्षदेखि नै भुक्तानी गराउन सफलता मिलेको छ भने वर्गीकरणमा परेका सञ्चारमाध्यमलाई वर्गीकरण भएलगत्तैको आर्थिक वर्षबाटै लोककल्याणकारी विज्ञापनवापतको सुविधा पाउने र कुनै पत्रपत्रिका प्रकाशन अवधिमा परिवर्तन (जस्तै-साप्ताहिक पत्रिका दैनिक भएको) या स्थानान्तरण भएकै कारण त्यसअघि वर्गीकरणमा परेर प्राप्त गरिरहेको सुविधाबाट वञ्चित हुने अवस्था आउन नदिन सम्बन्धित निकायसँग पटक-पटक कुरा भइरहेको छ तर निष्कर्षमा भने पुगिएको छैन । यसमा हाम्रो प्रयास जारी छ ।

मिडियामा बहुलता, विविधता, लैङ्गिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिन आवश्यक प्रयास जारी राखिएको छ । यस सन्दर्भमा मिडियामा समावेशीकरणका लागि यसअघि सूचना तथा सञ्चार मन्त्रालयबाट गठित आयोगको प्रतिवेदन र लैङ्गिक समानता प्रवर्द्धनका निम्ति नेपाल पत्रकार महासङ्घद्वारा २०७१ जेठमा आयोजित पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित घोषणापत्र तथा सरकारले तयार गरेको सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनमा लैजान महासङ्घले प्रयास जारी राखेको छ ।

लोकतन्त्रको मूल आधार मानिने साना लगानीका मिडियालाई विशेष ध्यान दिइएको छ । खासगरी 'आफैं श्रम गर, आफैँ बाँच, लोकतन्त्र र प्रेस स्वतन्त्रताको जगेर्ना गर' भन्ने मान्यतामा रहेका साना लगानीका मिडिया प्रवर्द्धनका लागि समानुपातिक विज्ञापन, स्तरोन्नतिका लागि विशेष प्याकेजको पहल भइरहेको छ । साना लगानीका मिडिया प्रवर्द्धनका उपाय के के हुन सक्छन् भनी सम्भाव्यता अध्ययन पनि भएका छन् । मिडियाको प्रवर्द्धन र व्यावसायिक विकास सम्बन्धी राष्ट्रिय आमसञ्चार नीति-२०७३ मा समावेश गरिएकाले उक्त नीतिलाई कार्यन्वयनका लागि महासङ्घले निरन्तर पहल गरिरहेको छ । साथै, यही अवधिमा जारी भएको पत्रकार आचारसंहिता, २०७३ ले मर्यादित पत्रकारिताको विकासमा महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको छ ।

## ८. नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलता सम्बन्धी

अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नेगरी व्यवस्थापिका-संसद्मा दर्ता गरिएको अदालतको अपहेलनासम्बन्धी विधेयकलाई जस्ताको तस्तै अघि बढ्न रोक्नमा उल्लेख्य उपलब्धि भएको छ। यो विधेयक नेपालको संसदीय इतिहासमै पहिलोपटक जनताको रायका लागि लैजाने अवस्था बन्नु नेपाली पत्रकारिता जगतको सफलता हो, जसको नेतृत्व महासङ्घले नै गऱ्यो ।

मानव अधिकारको विश्वव्यापी घोषणा र अन्तर्राष्ट्रियरूपमा स्थापित मान्यता पछ्याउँदै मुलुकको संविधान र कानुनले सूचनाको हकको प्रत्याभूति गरे पनि व्यवहारमा आत्मसात हुन सकिरहेको छैन । यस सन्दर्भमा सार्वजनिक सूचनामा नागरिकको पहुँच र सञ्चारमाध्यममार्फत् यसको पूर्ण उपभोगको वातावरण बनाउन संस्थागत सुधार र सूचना संस्कृति निर्माणका लागि महासङ्घ क्रियाशील छ । प्रेस स्वतन्त्रताको संरक्षणका पक्षमा निरन्तर कार्य भइरहेकै छन् ।

यसबीचमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई पुरै कुण्ठित गर्ने गरी अनलाइन निर्देशिका आयो । त्यसको विरोध पछि सरकारले फिर्ता गऱ्यो । दोस्रो पटक पुनः सरकारले उक्त निर्देशिका केही परिमार्जन सहित ल्याएको

छ । त्यसमा समेत महासङ्घको आपत्ति छ । निर्देशिका प्रेस स्वतन्त्रतामैत्री नभएमा यसलाई कार्यान्वयनमा लान नदिन महासङ्घले ध्यानाकर्षण गराइसकेको छ ।

## ९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिसन

पत्रकार महासङ्घले प्रेससम्बन्धी आक्रमण, पत्रकार पक्राउ, प्रेसको अवस्था लगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिसन सञ्चालन गर्दै आएको छ। तीन वर्षको अवधिमा विभिन्न मिसनहरू सञ्चालन भएका छन् (हेर्नुहोस्, अनुसूची-५) । जसले घटना तथा विषयवस्तुको सत्यतथ्य पत्ता लगाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । र, दोषीलाई कानुनी दायरामा ल्याउन पनि सहयोग पुऱ्याएका छन् ।

## १०. वैदेशिक शाखा सम्बन्धमा

नेपाल पत्रकार महासङ्घले प्रवासमा रहेर पत्रकारिता पेशालाई समेत निरन्तरता दिइरहनु भएका नेपाली पत्रकारहरूको माग बमोजिम हालसम्म ८ देशमा आफ्नो शाखा गठन गरेको छ । जसमा बेलायत, युरोप, जापान, कतार, युएई, कुबेत, दक्षिण कोरिया र भारतमा शाखा गठन गरी साङ्गठनिक गतिविधि सञ्चालन भैरहेका छन् । त्यस्तै अमेरिका र अस्ट्रेलिया पनि शाखा गठनको तयारी भइरहेको छ । वैदेशिक शाखाहरूले भूकम्पको विपत्का बेला उल्लेख्य योगदान पुऱ्याएका थिए । डायसपोरामा रहेका नेपाली सञ्चारकर्मीकै पहलमा गैरआवासीय नेपाली सङ्घ (एनआरएन)सँगको सहकार्यसहित थप रचनात्मक कार्यक्रम गर्दै पुरस्कार पनि स्थापना भएका छन् । यो कार्यलाई निरन्तरता दिइनेछ । साथै, वैदेशिक शाखाहरूले उठाएका सामूहिक मागलाई पनि उचित सम्वोधन गर्न ध्यान दिनुपर्नेछ ।

## ११. अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल पत्रकार महासङ्घ र चिनियाँ पत्रकारहरूबीच दुई देशबीचको सम्बन्ध कायम रहेको छ । यसबीचमा चिनियाँ पत्रकार टोली २ पटक नेपाल भ्रमण आए भने महासङ्घको टोलीले एक पटक चीनको भ्रमण गरेको छ । अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) को महाधिवेशनमा महासङ्घको तर्फबाट अध्यक्षकै नेतृत्वमा सक्रिय सहभागिता जनाइयो भने आइफेक्ससँगको सम्बन्ध निरन्तर जारी छ ।

यी दुई संस्थासँग प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पेशागत हकहित सम्बन्धमा सहकार्य भइरहेको छ । परियोजनातर्फसमेत सहकार्य हुँदै आएको छ । पछिल्लो पटक पत्रकारहरुको सुरक्षासम्बन्धी अनुभव साटासाट गर्न र त्यहाँको सञ्जाल निर्माणको अनुभव लिन कोलम्वियन पत्रकारहरुको संस्थाहरुसँग समेत महासङ्घको सम्बन्ध कायम भएको छ ।

**अध्यक्षमण्डल तथा सभासद् मित्रहरू,**

अब म महासङ्घको नियमित अभियानतर्फ सम्पन्न भएका कार्य र मुख्य मुख्य निर्णय प्रस्तुत गर्न चाहन्छु ।

## १२. महासङ्घका बैठक तथा निर्णयहरू

महासङ्घको पछिल्लो तीन वर्षको अवधिमा केन्द्रीय साधारणसभा, अध्यक्षहरूको राष्ट्रिय भेला, क्षेत्रीय भेला तथा वैठकहरू सबै नियमितरुपमा सम्पन्न भए । यस अवधिमा कुल १४ वटा केन्द्रीय समिति बैठक सम्पन्न भए । केन्द्रीय साधारण सभापछि भएका महत्वपूर्ण निर्णयहरु देहायबमोजिम छन्ः

(क) २०७४ वैशाख २१ गते चितवनमा सम्पन्न साधारणसभाको म्यान्डेट बमोजिम ‘विधान परिमार्जन समिति-२०७३’ ले विधानलाई अन्तिम रुप दिएबमोजिम २०७३ असार १४ गते बसेको सचिवालय बैठकले सो संशोधित विधान २०७३ भदौ २९ र ३० गते पाल्पा शाखाको आतिथ्यमा हुने केन्द्रीय समितिको बैठकमा

जानकारी गराई शाखा अध्यक्षहरुको भेलाबाट जारी गर्ने निर्णय गरियो । उक्त भेलाद्वारा नयाँ विधान (चौथों संशोधन सहित-२०७३) जारी गरियो । उक्त विधानबमोजिम महासङ्घ नयाँ संगठनात्मक ढाँचामा मात्र गएको छैन, ट्रेड युनियन अधिकारसहितको पेशागत संस्था र थप समावेशीसमेत भएको छ ।

(ख) २०७३ कात्तिक २३ गते केन्द्रीय पदाधिकारी र उपलब्ध केन्द्रीय सदस्यहरू सहितको बैठकले पत्रकारहरुको न्यूनतम पारिश्रमिक नर्धारण भए बमोजिम मिडिया हाउसहरुले के कति कार्यान्वयन गरेका छन् भन्ने बारे अनुगमनलाई तिब्रता दिने निर्णय भयो । निर्णय बमोजिम श्रमजीवी पत्रकार ऐन कार्यान्वयन समितिका संयोजक तथा सचिव ध्रुव लम्सालको संयोजकत्वमा धर्मेन्द्र कर्ण, दीपेन्द्र कुँवर, माधव दुलाल, सुरज आचार्य, रोशन पुरी सदस्य रहेको समिति गठन गरियो । त्यस्तै सरकारद्वारा गठित विभिन्न समितिमा पदाधिकारी तथा सदस्यहरुलाई प्रतिनिधिका रुपमा पठाउने निर्णय गरियो । दुर्गम क्षेत्रबाट सञ्चालित मिडिया सहुलियत सुझाव समितिमा केन्द्रीय सदस्यद्वय प्रकाशविक्रम शाह, खगेन्द्र पन्त, समानुपातिक विज्ञापन समितिमा केन्द्रीय सदस्य ईश्वरी वाग्ले, पत्रकार सुरक्षा सम्बन्धी अवधारण निर्माणमा दीपेन्द्र कुँवरलाई पठाइयो । सोही बैठकले आमसञ्चार नीति कार्यन्वयन, द्वन्द्वपीडित पत्रकार कल्याणकारी कोष, समानुपातिक विज्ञापन नीति कार्यान्वयन तत्काल गर्नका लागि पहल गर्ने निर्णय भयो ।

(ग) २०७३ मंसिर २० गते बसेको सचिवालय बैठकले संगठन समितिलाई सदस्यता टुंगो लगाउन म्यान्डेट दियो । २०७३ पुस १२ गते बसेको सचिवालय बैठकले पुस २६ गते केन्द्रीय समितिको ११औं बैठक आव्हान गर्ने निर्णय गर्‍यो ।

(घ) २०७३ पुस २४ गते संगठन समितिको बैठकले नयाँ सदस्यताको टुंगोसहित केही निर्णयहरू पारित गर्‍यो । शाखाबाट सिफारिस भई आएका, क्षेत्रीय संयोजक/सह-संयोजकको रोहबरमा नयाँ सदस्यताको नामावली टुंगो लगाइयो । केही विवादित शाखाको समस्या समाधान गरी टुंगो लगाउने गरी प्रतिवदेन ११औं केन्द्रीय समितिमा पेश गर्ने निर्णय गरियो । सोही बैठकले एसोसिएट सदस्य बन्नका लागि आएका निवेदनलाई छलफल गरी टुंगो लगाउने निर्णय गरियो । सोही बैठकले मनाङ जिल्लाबाट शाखा मान्यता पाउनका लागि दिएको निवेदनलाई तदर्थ समितिको मान्यता दिने निर्णय गरियो । जसबाट नेपाल पत्रकार महसंघको ७५ शाखा पुगेको छ ।

(ङ) २०७३ माघ १२ गते बसेको सचिवालय बैठकले संगठन समितिमा एसोसिएट सम्बन्धनका लागि निवेदन दिएका नेपाल पर्यटन पत्रकार मञ्च र ललितकला पत्रकार समाजलाई मान्यता प्रदान गर्ने निर्णय गर्‍यो । ललितकला पत्रकार समाज थप प्रक्रिया पुरा गरी विवरण बुझाउन आएन भने पर्यटन पत्रकार मञ्च सहभागी भएको छ ।

(च) २०७३ पुस २६ र २७ गते काठमाडौंमा बसेको केन्द्रीय समितिको ११औं बैठकले २५औं महाधिवेशन प्रयोजनार्थ जिल्ला, प्रतिष्ठान, एसोसिएटहरूको अधिवेशन गर्ने निर्णय गर्‍यो । जिल्ला, प्रतिष्ठान शाखा र एसोसिएटको अधिवेशन विभिन्न आठ चरणमा सम्पन्न गर्नेगरी कार्यतालिका तयगरी सोहीबमोजिम अधिकांश जिल्ला/प्रतिष्ठान र एसोसिएट संस्थामा अधिवेशन सम्पन्न गरियो भने केही जिल्ला/प्रतिष्ठानमा भौगोलिक र अन्य कारणले तोकिएको समयभन्दा पछि सम्पन्न भयो ।

बैठकले आगामी जिल्ला, प्रतिष्ठान र एसोसिएट शाखा अधिवेशनका निर्वाचनका लागि 'नेपाल पत्रकार महासङ्घ, शाखा निर्वाचन (कार्यविधि) निर्देशिका २०६४ (तेस्रो संविधान २०७३)' स्वीकृत गरी जारी गर्‍यो । महासङ्घको नयाँ सदस्यताका लागि प्राप्त आवेदन तथा शाखाहरुको सिफारिस, तत्सम्बन्धी गुनासा, उजुरी एवं क्षेत्रीय समितिको सिफारिस समेतका आधारमा संगठन समितिले टुंगो लगाई केन्द्रीय समितिमा प्रतिवेदनसहित प्रस्तुत गर्‍यो । सदस्यता टुंगो लाग्न बाँकी रहेका जिल्ला तथा प्रतिष्ठान शाखा र एशोसियटको सदस्यता टुंगो लगाउन केन्द्रीय समितिले सचिवालयलाई जिम्मेवारी सुम्पिने निर्णय गर्‍यो

(केन्द्रीय समिति बैठकको म्यान्डेट र सचिवलायले टुंगो लगाएको सदस्य संख्या संगठन सम्बन्धी बुँदामा हेर्नुहोस्) ।

(छ) नेपाल पत्रकार महासङ्घको विगतदेखिको परम्परा अनुसार पछिल्लो समय प्रत्येक तेस्रो वर्षको मे ३ अर्थात विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा महासङ्घले आफ्नो महाधिवेशन आयोजना गर्ने गरेको र यो वर्ष पनि सोही मितिमा महाधिवेशन गर्ने तयारी गरिरहेको अवस्थामा २०७४ बैशाख ३१ गते मुलुकमा समग्रमा १९ वर्षपछि र नयाँ संविधानबमोजिम पहिलो पटक स्थानीय तहको निर्वाचन हुने घोषणा भइसकेका कारण उत्पन्न विशेष परिस्थिति र त्यस्तो संवेदनशील समयमा पत्रकारहरूले स्थलगत रिपोर्टिङ र समाचारकक्षमा निर्वाह गर्नुपर्ने विशेष दायित्वलाई समेत मध्यनजर गर्दै बैठकले नेपाल पत्रकार महासङ्घको २५औं महाधिवेशन 'व्यवसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार' भन्ने मूल नारा सहित आगामी जुन ३ अर्थात २०७४ जेठ २० गते शनिबारका दिन काठमाडौंमा आयोजना गर्ने निर्णय गऱ्यो । मुलुकको विद्यमान विशेष परिस्थितिमा परिवर्तन भई मे ३ कै दिन महाधिवेशन गर्न संभव हुने अवस्था बनेमा सचिवालयले मिति तय गर्नसक्ने गरी वैठकले अधिकार प्रत्यायोजन समेत गऱ्यो ।

सोही बैठकले महाधिवेशन भव्यरूपमा सफल पार्न अध्यक्ष डा. महेन्द्र विष्टको अध्यक्षतामा कार्यसमिति पदाधिकारी तथा सदस्य, लेखासमिति संयोजक तथा सदस्य, सल्लाहकार, पूर्व अध्यक्ष, वरिष्ठ पत्रकार, सञ्चारसम्बद्ध संघ/संस्थाका प्रतिनिधिसहित १ सय १ सदस्यीय मूल व्यवस्थापन तयारी समिति गठन गऱ्यो । त्यस्तै उपाध्यक्ष खिलबहादुर भण्डारीको संयोजकत्वमा आवास, उपाध्यक्ष अनिता बिन्दुको संयोजकत्वमा भोजन, महासचिव उजिर मगरको संयोजकत्वमा प्रचार/प्रसार, सचिव प्रभात चलाउनेको संयोजकत्वमा स्मारिका प्रकाशन, सचिव संगिता खड्काको संयोजकत्वमा स्वागत, सचिव ध्रुब लम्सालको संयोजकत्वमा स्वयंसेवक, कोषाध्यक्ष सूर्यमणि गौतमको संयोजकत्वमा आर्थिक स्रोत परिचालन, सदस्य प्रकाश तिमल्सिनाको संयोजकत्वमा मञ्च व्यवस्थापन, सदस्य ईश्वरी वाग्लेको संयोजकत्वमा यातायात, रामहरि सिलवालको संयोजकतत्वमा प्रतिनिधि सामग्री व्यस्थापन, सदस्य रोशन पुरीको संयोजकत्वमा स्वास्थ्य लगायतका उप-समितिहरू गठन गऱ्यो । बैठकले २५औं महाधिवेशनको निर्वाचन प्रक्रिया सञ्चालन गर्न प्राध्यापक चिरञ्जिवी खनालको संयोजकत्वमा ५ सदस्यीय केन्द्रीय निर्वाचन समिति-२०७४ गठन गऱ्यो ।

बैठकले विभिन्न शाखामा उत्पन्न विवादलाई आवश्यक परे स्थलगत भ्रमणसमेत गरेर सहमतिमा टुंग्याउन क्षेत्रीय संयोजक र सहसंयोजकलाई जिम्मेवारी सुम्पियो । केही जिल्ला शाखाहरूमा सदस्यतालगायतका विषयमा गुनासो गरी शाखा कार्यालयहरुमा ताला लगाइएकोप्रति बैठकको गम्भीर ध्यानाकर्षण गरी स्थानीय तहको निर्वाचनलगायतको संवेदनशील अवस्थामा प्रेस स्वतन्त्रताको उपभोग र पत्रकार सुरक्षामा पर्नसक्ने जोखिमको ख्याल गरी तत्काल संवाद प्रारम्भ गरी यो निर्णय सार्वजनिक भएको २४ घन्टाभित्र ताला खोल्न बैठकले निर्णय गऱ्यो । यदि २४ घन्टाभित्र ताला नखोलिएमा ताला खोली शाखाका काम कारवाही कार्यालय भित्रबाटै सुचारु गर्न सम्बन्धित शाखा कार्यसमितिलाई बैठकले निर्देश गऱ्यो ।

बैठकले व्यावसायिक तथा श्रमजीवी पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासङ्घको २५औं महाधिवेशनमा अनिवार्य सहभागिताका लागि महासङ्घ केन्द्रीय सभासदहरूलाई हार्दिक आमन्त्रण गऱ्यो । साथै महासङ्घको यो ऐतिहासिक महाधिवेशनलाई भव्य र शानदाररूपमा सम्पन्न गराउन सहयोगका लागि सम्पूर्ण जिल्ला/प्रतिष्ठान/वैदेशिक शाखा, एशोसिएट संस्था, महासङ्घका सदस्य, सञ्चारगृह एवं शुभच्छेक सवैलाई महासङ्घ हार्दिक अपील गऱ्यो ।

(ज) २०७४ जेठ ३ गते बसेको सचिवालय बैठकले केन्द्रीय समितिको १३औं बैठक जेठ १० गते काठमाडौंमा

बस्ने निर्णय गऱ्यो । २५औं महाविधेशन 'व्यवसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार' भन्ने मूल नारा सहित २०७४ असार २२ र २३ गते काठमाडौं प्रज्ञा भवनमा गर्ने निर्णय गऱ्यो । जेठ ३१ गतेको स्थानीय तहको दोस्रो चरणको निर्वाचन हुने विशेष परिस्थिति र त्यस्तो संवेदनशील समयमा पत्रकारहरूले स्थलगत रिपोर्टिङ र समाचारकक्षमा निर्वाह गर्नुपर्ने विशेष दायित्व एबं तयारीको प्राविधिक पक्षलाई समेत मध्यनजर गर्दै बैठकले महासङ्घको २५औं महाधिवेशन यसअघि तोकिएको मिति २०७४ जेठ २० गतेको सट्टा नयाँ मिति असार २२ र २३ गते गर्ने निर्णय गरेको हो । १२औं बैठकको म्यान्डेट बमोजिम आवश्यक निर्णय लिन महासङ्घको सचिवालयलाई जिम्मेवारी सुम्पिने निर्णय भयो ।

(झ) स्थानीय तहको निर्वाचनको क्रममा नेपाल पत्रकार महासङ्घका सदस्यहरू उम्मेदवार भैरहेको सन्दर्भमा २०७४ जेठ २४ गते महासङ्घ सचिवालय बैठकले देहायबमोजिम निर्णय गऱ्यो–

१. नेपाल पत्रकार महासङ्घका कुनै पनि तह (केन्द्र, प्रदेश, जिल्ला) कार्य समितिभित्र पदाधिकारी वा सदस्य रहिरहेको व्यक्ति कुनै पनि राजनीतिक पदको निर्वाचनमा उम्मेदवार हुने भएमा महासङ्घको विधानको अक्षर र भावना बमोजिम उम्मेदवार हुनु अघि महासङ्घको कार्य समितिबाट राजीनामा गर्नुहुन आग्रह समेत गऱ्यो । राजीनामा नगरी उम्मेदवार भएमा कार्य समितिको पद स्वतः रिक्त भएको मानिने छ ।

२. महासङ्घ कार्य समितिमा रहेका बाहेक अन्य पद वा साधारण सदस्य रहिरहेका व्यक्तिका हकमा राजनीति र पत्रकारिता एकसाथ गर्दा स्वार्थ बाझिने भएकाले नौतिक रुपमा महासङ्घको सदस्यता तथा पत्रकारिताबाट अलग रहेको स्वयं घोषणा गर्न महासङ्घ आव्हान गर्दछ । यस सन्दर्भमा नीतिगत छलफल आगामी महाधिवेशनमा समेत हुने केन्द्रीय समितिको विश्वास छ ।

(ञ) नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको यसअघिको निर्णयअनुसार, महासङ्घको आगामी २५औं महाधिवेशन २०७४ असार २२ र २३ गते गर्ने निर्णय भएको र सो सन्दर्भमा मुलुकमा विद्यमान अवस्था र स्थानीय तहको निर्वाचनको स्थितिलाई दृष्टिगत गरी आवश्यक निर्णय लिन महासङ्घको सचिवालयलाई जिम्मेवारी सुम्पिएकोमा महासङ्घ सचिवालयको २०७४ असार ८ गतको बैठकले देहाय अनुसार निर्णय गऱ्यो :-

१. महासङ्घको २५औं महाधिवेशन 'व्यवसायिक पत्रकारिताको आधार, प्रेस स्वतन्त्रता र श्रम अधिकार' भन्ने मूल नारा सहित तोकिएकै मितिमा भव्यताका साथ सम्पन्न गर्ने तयारी भैरहेको अवस्थामा सरकारले स्थानीय तहको दोस्रो चरणको निर्वाचन जेठ ३१ गतेको सट्टा पहिले असार ९ र पछि असार १४ गतेको लागि निर्धारण गरेको कारण महासङ्घका केन्द्रीय सभासदसमेत रहेका क्रियाशील पत्रकारहरू स्थानीय निर्वाचन र सोको परिणामको समाचार संकलन र सम्प्रेषणमा अधिक व्यस्त हुनुपर्ने भएको हुँदा असार २२ र २३ गते महाधिवेशनमा सहभागी हुन संभव नभएकोले महाधिवेशन मिति सार्न भनी जिल्ला जिल्लाबाट अनुरोध भइआएको सम्बन्धमा गम्भीर छलफल भयो । सो सन्दर्भमा महासङ्घका संरचना र सरोकारवाला संघसंगठन र अग्रजहरूसँग समेतको परामर्श, मौसमको प्रतिकूलता एवं महाधिवेशन गर्न निर्विकल्पजस्तै रहेको सभास्थलको उपलब्धतासमेतलाई मध्यनजर गरी परिस्थितिजन्य बाध्यता र सहभागीको सहजताको निम्ति आवश्यकताको सिद्धान्तको आधारमा महासङ्घको २५औं महाधिवेशन २०७४ भदौ ४ र ५ गते काठमाडौंको प्रज्ञा भवनमा नै गर्ने निर्णय गऱ्यो ।

२. असहज परिस्थितिका कारण महासङ्घ महाधिवेशनको मिति सार्नुपर्दा पर्न गएको असुविधाका लागि क्षमा याचना गर्दै महासङ्घ महाधिवेशनको नयाँ मितिमा अनिवार्य उपस्थितिका लागि केन्द्रीय कार्यकारिणी सभा सदस्य (केन्द्रीय सभासद्)हरूलाई हार्दिक आह्वान गऱ्यो । महासङ्घका सबै शाखा/एशोसियट संस्थाहरूलाई सोहीअनुसार त्यहाँ आवद्ध केन्द्रीय सभासभद्ज्यूहरूलाई यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट जानकारी गराउनु हुन तथा नयाँ मितिसहितको निमन्त्रणा पत्र बुझाइदिनु हुन अनुरोध

गरियो । महासङ्घको २५औं महाधिवेशनका प्रस्ताव र कार्यक्रमहरू यस अघि सम्प्रेषण गरिए अनुसार नै हुने जानकारी गराइयो ।

### १३. महासङ्घका कार्यक्रम तथा परियोजना

महासङ्घले पत्रकारको हकहित, सुरक्षा, क्षमता अभिवृद्धि, सूचनाको पहुँच, ट्रमा, संघीयतामा मिडियाको भूमिका, मिडिया अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन, अपहेलना, वातवारण परिवर्तन, दण्डहीनतालगायतमा विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरूबाट पत्रकार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन भने मिडिया हाउस र मिडिया उद्योगलाई समेत सहयोग पुगेको छ भन्ने महासङ्घको विश्वास छ (हेर्नुहोस, अनुसूची-६) ।

### १४. पुरस्कार तथा सम्मानतर्फ

नेपाल पत्रकार महासङ्घले स्थापना गरेको 'कृष्णप्रसाद भट्टराई राष्ट्रिय पत्रकारिता पुरस्कार' वरिष्ठ कार्टुनिष्ट श्री दुर्गा बराल (वात्सायन) (पोखरा)लाई प्रदान गरिएको छ । त्यस्तै महासङ्घका पूर्व अध्यक्ष गोविन्द वियोगी र वरिष्ठ पत्रकार तथा साहित्यकार कृष्ण सेन 'ईच्छुक' स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारको स्थापना गरेको छ ।

यसैगरी पूर्वकेन्द्रीय सदस्य स्व. गौरी कठायतको स्मृतिमा स्थापित 'गौरी कठायत स्मृति पत्रकारिता पुरस्कार' तर्फ श्री तुलाराम पाण्डे (कालिकोट) र 'उमा सिंह राष्ट्रिय पत्रकारिता पुरस्कार' श्री गणेश चौधरी (कैलाली) लाई प्रदान गरिएको छ । यसलाई निरन्तार दिइनेछ ।

रारा मिडिया समिटले गरेको निर्णयअनुसार विमान दुर्घटनामा परी निधन भएकी नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य गौरी कठायत स्मृति पत्रकारिता पुरस्कार स्थापनाका लागि १ लाख ५० हजार रुपियाँको खाता सञ्चालन गरिएको छ ।

#### क) प्रेस स्वतन्त्रता सेनानी

प्रेस स्वतन्त्रता सेनानीबाट केन्द्रीय साधारणसभामा पछिल्लो पटक सम्मानित हुनेहरुमा शिवबहादुर कार्की (मोरङ्ग), याम प्रधान (सुनसरी), दिनेश देव (सिराह), धन लामा (काठमाडौं), चक्रपाणि नेपाल (काठमाडौं), चेतबहादुर सिं (काठमाडौं), लालकुमार भट्टराई (नवलपरासी), बद्रीविनोद प्रतिक (कास्की), नारायण भट्टराई (कास्की), झपेन्द्र वैद्य (प्यूठान) र चिरञ्जीवी अर्याल (सुर्खेत) रहनुभएको छ (पुरस्कारका राशीहरु कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनमा उल्लेख गरिएको छ ) ।

यस्तै शिक्षा विभागसँगको सहकार्यमा बर्सेनी प्रदान गरिदै आएको पुरस्कार वितरणलाई निरन्तरता दिइएको छ । यस अवधिमा व्यक्तिगत र संस्थागत गरी १५७ वटा पुरस्कार वितरण गरिएको छ ।

**म**हाङ्घका अन्य गतिविधि तथा कार्यक्रमसम्बन्धी विवरण अनुसूची-७ मा समावेश गरेको छु ।

### १५. भावी कार्यक्रम

**अध्यक्षमण्डल तथा सभासद् मित्रहरू,**

पछिल्लो तीन वर्षको अवधि र खासगरी केन्द्रीय साधारणसभापछि जे गर्न सकिने थियो, वर्तमान नेतृत्वले इमान्दारीपूर्वक प्रयास गऱ्यो । विद्यमान परिस्थिति, सीमा र चुनौतीका बीचमा जे जति उपलब्धी हासिल भए त्यसको हकदार तपाईंहरु नै हुनुहुन्छ । जे गर्न सकिएन त्यसको जिम्मा नेतृत्वले लिने छ । अविच्छिन्न उत्तराधिकारवाला संस्थाको हैसियतले भावी दिनमा महासङ्घका सबै अधुरा कार्यहरू पूरा हुने वर्तमान कार्यसमितिले विश्वास लिएको छ । महासङ्घबाट पछिल्लो महाधिवेशन र केन्द्रीय साधारणसभाको

म्यान्डेटबमाजिम केन्द्रीय समितिबाट भए गरेका कार्यहरूको समीक्षा, टिकाटिप्पणी, सुझाव र अनुमोदनका लागि म सम्मानित हल समक्ष आग्रह गर्दछु । नेपाल  पत्रकार महासङ्घको उद्देश्य अनुसार सशक्त र प्रभावकारी ढंगले काम गर्नका लागि तयार पारिएको नेपाल पत्रकार महसांघको रणनीतिक दृष्टिकोण-पत्र (२०७४-०७६) पारित गर्न प्रस्ताव गर्दछु । यसैगरी पत्रकार सुरक्षा नीति, २०७४ पारित गर्न पनि प्रस्ताव गर्दछु । साथै, भावी दिनमा गर्नुपर्ने नीतिगत विषय पनि यही सम्मानित सभाबाट निर्धारण हुने विश्वास व्यक्त गर्दछु । त्यसका निम्ति देहायअनुसार केही प्रस्तावहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु–

१. महासङ्घले अघि बढाएका पत्रकार बीमा, जेष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार शैक्षिक सन्तति वृत्ति, पत्रकार कल्याण कोष, आपतकालीन राहत कोष, पुरस्कार तथा सम्मान र स्वास्थ्य उपचार सम्बन्धी कार्यक्रमलाई अझ विस्तार गरी कार्यान्वयन गरिने छ ।

२. श्रमजीवी पत्रकारसम्बन्धी ऐनको कार्यान्वयनलाई अझ प्रभावकारी ढंगबाट अभियानकै रुपमा सञ्चालन गरिनेछ । पत्रकारको भौतिक सुरक्षा, दण्डहीनताको अन्त्य, सेल्फसेन्सरसीपको अन्त्यका लागि महासङ्घले उच्च प्राथमिकताका साथ काम गर्नेछ ।

३. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारिताको बृहत्तर हितका निम्ति राष्ट्रिय आमसञ्चार नीति-२०७३ ले परिकल्पना गरेका नीतिगत तथा कानुनी सुधार र नियामक निकायको स्थापना तथा पुनर्संरचनालगायतका कार्यहरूमा महासङ्घले सक्दो पहलकदमी लिनेछ । साथै, मिडियालाई उद्योगको रूपमा विकास गर्ने, समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन गर्नेलगायत मिडियाको प्रवर्द्धनसम्बन्धी कार्यहरूलाई महासङ्घले अघि बढाउने छ ।

४. पत्रकारको दक्षता अभिवृद्धिका लागि केन्द्र र प्रदेशमा राष्ट्रिय आमसञ्चार प्रशिक्षण स्थापनाको कार्यलाई पूर्णता दिने गरी महासङ्घले प्राथमिकताका साथ पहल लिनेछ ।

५. नेपाल पत्रकार महासंघको रणनीतिक दृष्टिकोणपत्र (२०७४-०७५) र पत्रकार सुरक्षा नीति, २०७४ मा उल्लेखित नीतिको कार्यान्वयन र कार्यक्रमको सञ्चालन गरिने छ ।

६. महासङ्घलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी व्यावसायिक संस्थाको रूपमा विकास गर्न केबल नारा दिएर मात्र हुँदैन । यसलाई शुद्धीकरण गर्न ठोस कदम उठाउनै पर्दछ । यसका निम्ति महासङ्घका कुनै पनि तहको कार्यसमिति (केन्द्रीय समिति, प्रदेश समिति वा शाखा/एसोसियट समिति) को निर्वाचित, मनोनीत वा नियुक्त पदाधिकारी वा सदस्य रहिरहेको व्यक्ति कुनै पनि राजनीतिक दल वा दलको भातृसंगठनको कुनै पनि तहको कार्यसमिति वा विभाग वा समितिमा रहन वा दलको तर्फबाट चुनाव चिन्ह लिई निर्वाचनमा सहभागी हुन पाउन छैन भन्ने व्यवस्था गर्न आवश्यक छ ।

७. महासङ्घको कुनै पदाधिकारी वा कुनै पत्रकारले महासङ्घको मर्यादा र पत्रकारिताको आचरणविपरित कुनै कार्य गरेमा महासङ्घ स्वयंबाट कारवाही गर्नका लागि उपयुक्त विधि र संरचना जरुरी हुने महसुस भएको छ । यसका निम्ति महाधिवेशनबाटै अधिकारसम्पन्न अनुशासन समिति गठन गर्न जरुरी छ । यसका निम्ति ठोस निर्णय हुन पनि म प्रस्ताव गर्दछु ।

धन्यवाद ।

## अनुसूची-१

नेपाल पत्रकार महासङ्घको कानुनी डेस्कको रिपोर्ट यस प्रकार छः

| | | | | |
|---|---|---|---|---|
| १ | सत्यराम पराजुली | | मजदुर आवाज | परामर्श |
| २ | परिवर्तन | ज क | | स अ |
| ३ | मेट्रो | स्थाई | | परामर्श |
| ४ | रामहरी पाण्डे | पारिश्रमिक | नेपाली श्रम | प्रेस रजिष्टार |
| ५ | गोकर्ण भट्ट | विद्युतीय कारोवार | | जि.अ.का. |
| ६ | भद्रगोल राई | विद्युतीय कारोवार | नेपाल सरकार | का.जि.अ.बाट फैसला भई सफाई पाएको । |
| ७ | चिन्तामणी पौडेल | तलवभत्ता रोक | अन्नपुर्ण पोष्ट चितवन सम्वाददात | प्रेस रजिष्ट्रार |
| ८ | कृष्णबहादुर थापा | हाजिर गराई काममा लगाई पाऊँ | एविसी टेलिभिजन | प्रेस रजिष्टार केही रकमपाई सकेको |
| ९ | शम्भु दंगाल | हाजिर गराई पाऊ | क्यापिटल एफएम | मिलापत्र भई सकेको |
| १० | सगरमाथा एफ एम | स्थायीलाई करारमा लिएको सम्बन्धमा | | पुरानो अनुसार स्थायी भई मिलि सकेको |
| ११ | नेपाल पत्रकार महासँघ | उत्प्रेषण | नवराज पहाडी | सर्वोच्चमा चलिरहेको |
| १२ | जयराम बास्कोटा | स्थायी | | परामर्श |
| १३ | नेपाल न्युज | हाजिर गराई पाऊँ | व्यवस्थापक | परामर्शमिति २०७१/१०/८ |
| १४ | प्रदिप खतिवडा समेत | चेक अनादर | सौर्य दैनिक | जिल्ला अदालतमा फैसला भई पत्रकारले पक्षमा फैसला भएको रकम पाई सकेको । |
| १५ | वाई पि आचार्य | स्थायी नियुक्ति सम्बन्धनमा | हिमालयन टेलिभिजन | परामर्श सहित प्रेस रजिष्ट्रामानिवेदन |
| १६ | भवानी सिलाकार समेतका साथीहरु समक्ष | अवकास गरेको सर्न्दभमा | माउन्टेन टेलिभिजन | परामर्श |
| १७ | अर्जुन थपलिया समेत | विद्युतीय कारोवार | नेपाल सरकार | का.जि.अ.बाट सफाई पाएको |
| १८ | रामकला खड्का | गालीबेइज्जती | अन्नपुर्ण पोष्टमा कार्यरत | का.जि.अ. परामर्श |
| १९ | माउन्टेन टेलिभिजनका श्रमजीवी पत्रकारहरुको | कर्मचारी विनियमावलीको अध्ययन तथा परामर्श उपलब्ध गराएको | | परामर्श |
| २० | भवानी सिलाकार | अवकास बदर | माउन्टेन टेलिभिजन | श्रम अदालतमा मुद्दा दर्ता भई चलिरहेको |
| २१ | हरिशरण न्यौपाने | हाजिर गरी पाऊँ | माउन्टेन टि.भी. | श्रम कार्यालयबाट सेवा सुविधा सहित हाजिरीको फैसला |
| २२ | केशव अधिकारी | गालीबेइज्जती | | का.जि.अ.मा चलिरहेको |
| २३ | प्रदिपमान सिंह | पारिश्रमिक रोक्का | एभिन्युज टि.भी | पारिश्रमिक रोक्का रहेको मा परामर्श |
| २४ | श्रृजना कुईकेल | सरुवा बारे | माउन्टेन टि.भी. | सरुवा सम्बन्धी परामर्स |
| २५ | लक्ष्मणदत्त जोशी (क्यामरा प्रसन) | हाजिर हुन नदिएको | माउन्टेन टि.भी. | परामर्स |
| २६ | निरु | अवकास | कारोवार | परामर्स |
| २७ | धमेन्द्र कर्ण | नियुक्ति | कारोवार | परामर्स |
| २८ | रमेश श्रेष्ठ | तलव भत्ता | टि भी त्रिसुली | परामर्स |
| २९ | दिपेश श्रेष्ठ | अवकास | माउन्टेन टि.भि. | सेवा सुविधा सहित पुर्नवहालीको फैसला भएको । |
| ३० | पारस विक्रम शाही | अवकास | कान्तिपुर टेलिभिजन नेटवक प्रा.लि. | श्रम अदालतमा मुद्दा चलि रहको । |
| ३१ | भवानी सिलाकार समेतका साथीहरु समक्ष | अवकास गरेको सर्न्दभमा | माउन्टेन टेलिभिजन | परामर्श |
| ३२ | अर्जुन थपलिया समेत | विद्युतीय कारोवार | नेपाल सरकार | का.जि.अ.बाट सफाई पाएको |

**धर्मेन्द्र कर्णः**
नेपाल वान टेलिभिजनले हाजिर हुन नदिएको हुँदा हाजिर गराई काममा लगाई पाऊँ भनी सेवा सुविधा माग गरी दायर मुद्दा सर्वोच्च अदालतबाट सेवा सुविधा सहित पुर्नवहालीको फैसला भएको ।

**हरिशरण न्यौपानेः**
हरिशरण न्यौपानेलाई माउण्टेन टेलिभिजनले हाजिर हुन नदिएको र नेपाल पत्रकार महासङ्घसँग पटक पटक वार्ता हुँदा समेत समाधान हुन नसकेको हुँदा प्रेस रजिष्ट्रारबाट समेत समस्या समाधान नभएको हुँदा श्रम कार्यालयबाट फैसला भई हाजिर गराई काममा लगाउनु पर्ने श्रम कार्यालयको फैसला ।

**भवानी सिलाकारः**
माउन्टेन टेलिभिजनमा कार्यरत श्रमजिवी पत्रकार भवानी सिलाकारलाई माउन्टेन टेलिभिजनले अवकास गरेको हुँदा पुर्नवहाली सहित सेवा सुविधाको माग गरी श्रम अदालतमा पुनरावेदन दायर भई सो मुद्दा श्रम अदालतबाट सेवा सुविधा सहित पुर्नवहालीको फैसला भएको फैसला कार्यान्वियन हुन बाँकी रहेको ।

**माउन्टेन टेलिभिजनका कर्मचारी विनियमावलीको अध्ययन तथा परामर्श :**
माउन्टेन टेलिभिजनका श्रमजीवीपत्रकारहरुका कर्मचारी विनियमावलीको अध्ययन तथा गरी आवश्यक कानुन सल्लाह उपलब्ध गराइएको ।

**रामकला खड्काः**
रामकला खड्कालाई समाचार लेखे वापत विपक्षी वनाई गालिवेज्जती मुद्दा दायर भएकोमा निजले परामर्श तथा प्रतिउत्तर पत्रको अध्ययन गरी  आवश्यक सुझाव उपलब्ध गराइएको ।

**वाई पि आचार्य समेतः**
वाई पि आचर्य समेतका साथीहरुलाई स्थायीको माग गरी माउन्टेन टेलिभिजन तथा  प्रेस रजिष्टारको लागी निवेदन तयार गरी उपलब्ध गराएको ।

**प्रदिप खतिवडा समेतः**
सौर्य राष्ट्रिय दैनिकका पत्रकारहरुलाई पारिश्रमिक वापतको रकम चेक मार्फत दिई चेक अनादर भई जिल्ला अदालत काठमाडौमा चलेको मुद्दा पत्रकारहरुको पक्षमा फैसला भई कार्यन्वयन भई रकम प्राप्त गरिसकेको ।

**कृष्ण थापाः**
कृष्ण थापालाई एविसी टेलिभिजनबाट हटाइएकोमा प्रेस रजिष्टार र श्रम कार्यालयमा निवेदन दर्ता गरी कृष्ण थापाको पक्षमा निर्णय भएको । हाल सो निर्णय कार्यन्वयनको प्रक्रियमा रहेको ।

**चिन्तामणि पौडेलः**
चितवन सम्वाददाता चिन्तामणि पौडेललाई तलव भत्ता सेवा सुविधा अन्नपुर्ण पोष्टले रोकेको हुँदा सो उपलब्ध गराई पाऊँ भनी प्रेस रजिष्ट्रारको कार्यालयमा निवेदन दर्ता गराइएको ।

**रामहरी पाण्डेः**
रामहरी पाण्डेलाई नेपाली श्रम मासिकले पारिश्रमिक नदिएको हुँदा पारिश्रमिक पाऊँ भनी प्रेस रजिष्ट्रारको कार्यलयमा निवेदन दर्ता भई पारिश्रमिक प्राप्त भएको ।

**मेट्रो एफ एमः**
मेट्रो एफएमका पत्रकारहरुलाई स्थायी गर्नको लागी का.म.न.पा.ले गरेको तयारीमा पटक पटक बैठक वसेको ।

**भवानी कार्कीः**
पुनर्वहाली सहित सेवा सुविधाको माग गरी गोरखापत्रको विरुद्धमा दायर सर्वोच्च अदालतमा रिट चलिरहेको ।

**दिपेश श्रेष्ठः**
माउन्टेन टेलिभिजनमा कार्यरत श्रमजिवी पत्रकार भवानी सिलाकारलाई माउन्टेन टेलिभिजनले अवकास गरेको हुँदा पुनवहाली सहित सेवा सुविधाको माग गरी श्रम अदालतमा पुनरावेदन दायर भई सो मुद्दा श्रम अदालतबाट सेवा सुविधा सहित पुर्नवहालीको फैसला भएको फैसला कार्यान्वियन हुन बाँकी रहेको ।

## अनुसूची-२

सन् २०१४ मे देखि २०१५ अप्रिल अन्तिमसम्म भएका प्रेस स्वतन्त्रता हननका घटनाहरु

| क.स | घटना प्रकृति | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिम | सुदूरपश्चिम | विदेश | कुल |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | १ | - | - | - | - | - | १ |
| २. | आक्रमण | ६ | ३ | १ | १ | २ | - | १३ |
| ३ | दुर्व्यवहार | - | ३ | - | - | २ | - | ५ |
| ४ | पक्राउ | - | ४५ (जना समान विज्ञापनको माग गर्दै प्रदर्शनका क्रममा पक्राउ परेका थिए भने पक्रउ भएको ७ घण्टापछि रिहा भएका थिए) | - | - | - | १( कतार प्रहरीले डकुमेन्ट्री बनाउने क्रममा पक्राउ परेका थिए ) | २ |
| ५ | धम्की | - | ३ | - | - | - | - | ३ |
| ६ | प्रकाशन तथा प्रशारणमा अवरोध | - | २ | - | - | - | - | २ |
| ७ | स्वतन्त्र पत्रकारितामा बाधा | - | - | - | २ | - | - | २ |
| ८ | जागिरबाट हटाएको | | ११४ (राससले करार नविकरण नगरेर ), २ जनालाई रेडियो नेपालले निस्काशन गरेको थियो भने ५ दिन पछि पुन बहालि गरेको थियो । | | | १ | | ११५ |
| ९ | पत्रकारका साधनमाथिकोआक्रमण | १ | - | - | - | - | - | १ |
| १० | भवितव्य मृत्यु (प्राकृतिक मृत्यु) | १ | ४ | - | २ | ३ | - | १० |
| ११ | बलात्कार | - | - | १ | - | - | - | १ |
| १२ | कुल घटना | ९ | १२९ | २ | ५ | ९ | १ | १५५ |

*स्रोत :नेपाल पत्रकार महासङ्घ*

## अनूसूची-३

**मे ४, २०१५ देखि २०१६ अप्रिल अन्तसम्म नेपाल पत्रकार महासङ्घ अन्तर्गत सञ्चार अनुगमन इकाइले रेकर्ड गरेका प्रेस स्वतन्त्रता हनन्का घटनाहरू**

| घटनाको प्रकृती | **प्रदेश १** | | | **प्रदेश २** | | | **प्रदेश ३** | | | **प्रदेश ४** | | | **प्रदेश ५** | | | **प्रदेश ६** | | | **प्रदेश ७** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| मृत्यु | | | | | | | | | | | | | | | | | | | | | | ० |
| पक्राउ | | | | | | | २ | १ | | | | | | | | | | | | | | ३ |
| बेपत्ता | | | | | | | | | | | | | | | | | | | | | | ० |
| कब्जा | | | ६ | | | ६ | १ | | १ | | | | ३ | | | | | | | | २ | १९ |
| आक्रमण | ६ | | | १४ | | २ | ५ | १ | १ | २ | | १ | | | १ | १ | | | १ | | १ | ३६ |
| लैंगिक हिंसा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| धम्की | | | | ६ | | | ४ | | | १ | | | २ | | | | | | २ | | | १५ |
| विस्थापन | | | | | | | | | | | | | | | | | | | | | | ० |
| पेशागत असुरक्षा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| आरोप | | | | १ | | | २ | | | | | | | | | | | | | | | ३ |
| दुर्व्यवहार | २ | | | १२ | १ | | ३ | | | | | | ८ | | | ४ | | | ४ | | | ३४ |
| काममा अवरोध | ४ | | | २ | | | ५ | | | १ | | | ९ | | | | | | | | | २१ |
| साधनमाथि आक्रमण | | | | | | ६ | | | १ | | | | | | | | | | | | १ | ८ |
| | १२ | ० | ६ | ३५ | १ | १४ | २२ | २ | ३ | ४ | ० | १ | २२ | ० | १ | ५ | ० | ० | ७ | ० | ४ | १३९ |

*स्रोतः नेपाल पत्रकार महासङ्घ*

पु - पुरुष     म - महिला     सं - सञ्चार संस्था

## अनुसूची-४

### सन् २०१६ मे ४, देखि मे ३, २०१७ सम्म भएका प्रेस स्वतन्त्रता हननका घटनाहरु

| | प्रदेश नं १ | | | प्रदेश नं २ | | | प्रदेश नं ३ | | | प्रदेश नं ४ | | | प्रदेश नं ५ | | | प्रदेश नं ६ | | | प्रदेश नं ७ | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| मृत्यु | | | | | | | | | | | | | | | | | | | | | | ० |
| पक्राउ | | | | १ | | | ७ | | | | | | २ | | | | | | | | | १० |
| प्रहरी नियन्त्रण | | | | | | | ४ | | | | | | | | | | | | १ | | | ५ |
| बेपत्ता | | | | | | | | | | | | | | | | | | | | | | ० |
| कव्जा | | | | | | १ | | | ६ | | | | | | | | | | | | | ७ |
| आक्रमण | १ | | १ | ४ | | १ | ५ | १ | १ | | | | १ | १ | | १ | | | १ | | | १८ |
| यौन दुर्व्यवहार | | | | | | | | | | | | | | | | | | | | | | ० |
| धम्की | २ | | | २ | | | ३ | | | | | | | | | | | १ | १ | | | ९ |
| नितीगत बन्देज | | | | | | | | | १ | | | | | | | | | | | | | १ |
| रोजगारीबाट बञ्चित | | | | | | | १ | | | | | | | | | | | | | | | १ |
| दुर्व्यवहार | | | | ८ | | | २ | | | | | | २ | | | ३ | | | | | | १५ |
| काममा अवरोध | | | | | | | | | ५ | | | | | | | | | | | | | ५ |
| साधनमाथिको आक्रमण | | | | | | | १ | | १ | | | | | | | | | | | | | २ |
| **कुल घटना** | **३** | **०** | **१** | **१५** | **०** | **२** | **२३** | **१** | **१४** | **0** | **0** | **0** | **५** | **1** | **०** | **४** | **०** | **1** | **३** | | | ७३ |
| प्रदेश अनुसार | | | 4 | | | १७ | | | ३८ | | | ० | | | ६ | | | ५ | | | ३ | ७३ |
| **कुल घटना** | पुरुष | ५३ | | महिला | २ | | संस्था | १८ | | कुल | ७३ | | | | | | | | | | | ७३ |

*स्रोत: नेपाल पत्रकार महासङ्घ*

## अनुसूची-५

## २०७१ देखि २०७४ साल साउनसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसन

| क्र.सं. | मिति | मिसन | जिल्ला | उद्देश्य | मिसन प्रमुख |
|---|---|---|---|---|---|
| १. | मङ्सिर १२-१४ २०७१ | तथ्य खोजी मिसन चितवन | चितवन | पत्रकार नारायण अधिकारीमाथि आक्रमण भएको घटनाको सत्य छानबिन | खिलबहादुर भण्डारी, उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ |
| २ | पुस ११-१३, २०७१ | सत्यतथ्य छानबिन, मोरङ मिसन | मोरङ | पत्रकार ब्रह्मदेव यादवमाथि भएको आक्रमणको घटनाका सत्यतथ्य छानबिन | गणेश पोखरेल, पूर्वाञ्चल संयोजक नेपाल पत्रकार महासङ्घ |
| ३ | वैशाख ६-१०, २०७२ | नेपाल अन्तर्राष्ट्रिय मिडिया साझेदारी (एनआइएमपी) अन्तर्राष्ट्रिय मिडिया मिसन | काठमाडौँ | पत्रकारको भौतिक सुरक्षा र मिडियामा राजनीतिक अवस्थाको विश्लेषण (एनएचआरसी) | |
| ४ | चैत १५ -१७, २०७१ | सत्यतथ्य छानबिन मिसन सुनसरी | सुनसरी | पत्रकार रामप्रसाद भट्टराई (सचिन) को शङ्कास्पद मृत्यु भएको घटनाको छानबिन । | गणेश पोखरेल पूर्वाञ्चल संयोजक, नेपाल पत्रकार महासङ्घ |
| ५ | भदौ १२-१४, २०७२ | मिडिया मिसन टीकापुर | कैलाली | टीकापुर घटनामा सञ्चार क्षेत्रमा पुगेको क्षतिको छानबिन | उजिर मगर, महासचिव, नेपाल पत्रकार महासङ्घ |
| ६ | भदौ २९-असोज १, २०७२ | मधेस मिडिया मिसन | बारा, पर्सा, रौतहट,सर्लाही महोत्तरी र धनुषा | मधेस आन्दोलनका बेला भएका प्रेस स्वतन्त्रता तथा सुरक्षाबारे अध्ययन तथा मूल्याङ्कन | उजिर मगर, महासचिव नेपाल पत्रकार महास ङ्घ |
| ७ | साउन १-४, २०७३ | तराई मधेस मिडिया मिसन पूर्वी तराई | बारा, पर्सा, रौतहट, सिरहा, महोत्तरी र धनुषा | मधेस आन्दोलनपछि स्वतन्त्र पत्रकारितासम्बन्धी मधेसको दृष्टिकोण र मूल्याङ्कन | डा.महेन्द्र विष्ट, अध्यक्ष नेपाल पत्रकार महासङ्घ |
| ८ | २०७३ साउन २७-३० | तराई मधेस मिडिया मिसन पश्चिम तराई | बाँके, बर्दिया, कैलाली र कञ्चनपुर | मधेस आन्दोलनअघि र पछिको समयमा स्वतन्त्र पत्रकारिताको अवस्था | डा. सुरेश आचार्य, पूर्वसभापति, नेपाल पत्रकार महासङ्घ |
| ९ | असार ३-५, २०७४ | सत्यतथ्य छानबिन मिडिया मिसन | कञ्चनपुर | पत्रकार खेम भण्डारी पक्राउको घटनामा सत्य तथ्य छानबिन | प्रकाशविक्रम शाह, सुदूरपश्चिमाञ्चल संयोजक, नेपाल पत्रकार महास ङ्घ |
| १० | साउन ५-८, २०७४ | मडिया मिसन मध्य-सुदूरपश्चिम क्षेत्र | कञ्चनपुर, कैलाली, बाँके | पत्रकार सुरक्षा तथा नागरिक समाजको दृष्टिकोणमा विश्लेषण | डा. सुरेश आचार्य, पूर्वसभापति, नेपाल पत्रकार महासङ्घ |
| ११ | साउन ६-८, २०७४ | मिडिया मिसन रुपन्देही | रुपन्देही | पत्रकार सुरक्षा र मिडियाको अवस्था | उजिर मगर, महासचिव, नेपाल पत्रकार महास ङ्घ |
| १२ | साउन ९-११, २०७४ | सत्यतथ्य छानबिन बाजुरा | बाजुरा | छक्क मल्ल पक्राउको विषयमा सत्यतथ्य छानबिन | प्रकाशविक्रम शाह, सुदूरपश्चिमाञ्चल संयोजक, नेपाल पत्रकार महासङ्घ |

## अनूसूची-६

परियोजनातर्फ-

### परियोजना र कार्यक्रमहरू

| क्र.सं. | परियोजनाको नाम | अवधि | मुख्य गतिविधि | सहयोग | अवस्था |
|---|---|---|---|---|---|
| १ | पत्रकार सुरक्षा नीति निर्माण | जुन - जुलाई २०१७ | • महासङ्घको आफ्नो पत्रकार सुरक्षा नीति निर्माण गर्ने | इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) | नीति निर्माणको काम भइरहेको |
| २ | नागरिक समाज उत्तरदायित्व परियोजना | जनवरी २०१७ देखि जुन २०१९ सम्म | • नीतिनिर्माण तथा वकालत<br>• पत्रकार आचारसंहिताका विषयमा छलफल<br>• मिडिया हाउसहरूका लागि पत्रकारको सेवा/सुविधा र सुरक्षाका विषयमा नीति निर्माणका लागि सुझाव<br>• मिडिया मिसन | युएसएआइडी/ एफएचआइ ३६० | जनवरी २०१७ देखि परियोजना सुरु भई कार्यक्रम सञ्चालनमा रहेको |
| ३ | मिडिया अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धन | जनवरी २०१६ देखि जुलाइ २०१८ सम्म | • सुनसरी, पर्सा, काठमाडौं, रुपन्देही, बाँके र कैलाली गरी ६ जिल्लामा फ्रि मिडिया नेटवर्क स्थापना । प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाको अभिलेख ।<br>• सन् २०१७ मा सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा दुई दिने प्रेस स्वतन्त्रता हनन्का घटना रिपोर्टिङसम्बन्धी तालिम प्रदान गरिएको ।<br>• मिडिया मिसन | इन्टरनेसनल अलर्ट/ युरोपियन युनियन | जुलाइ २०१८ सम्मका लागि सञ्चालनमा रहेको |
| ४ | सूचनाको अधिकार तथा खोज पत्रकारितासम्बन्धी तालिम | २०१२ जुन देखि २०१६ जुनसम्म । | • १९ जिल्लाका २५० पत्रकारका लागि सूचनाको अधिकार तथा खोज पत्रकारितासम्बन्धी तालिम सञ्चालन<br>• तालिम लिएका पत्रकारलाई सूचनाको अधिकार कानुन प्रयोग गरी रिपोर्टिङ गर्न लेखनवृत्ति उपलब्ध गराउने | युनेस्को | सम्पन्न |
| ५ | भूकम्पपीडित पत्रकारलाई सहयोग तथा तनाव न्यूनीकरण कार्यशाला | अक्टोबर २०१५ देखि जुन २०१६ | • भूकम्पमा मृत्यु भएका पत्रकारका परिवारलाई सहयोग<br>• गोरखा, दोलखा, सिन्धुपाल्चोक नुवाकोट, रसुवा, धादिङ, काभ्रे, भक्तपुर, ललितपुर र काठमाडौंमा पाँचवटा कार्यशाला | आइएफजे | सम्पन्न |
| ६ | सङ्घीयतामा मिडियाको भूमिका | अप्रिलदेखि जुन २०१६ सम्म | • पत्रकार तथा मिडियाकर्मीबीच सङ्घीयतामा मिडियाको भूमिकाका विषयमा कठमाडौंमा दुई र काठमाडौंबाहिर दुई गरी जम्मा ४ वटा अन्तरक्रिया | द फोरम अफ फेडरेसन्स | सम्पन्न |
| ७ | पत्रकार सुरक्षा परियोजना | अप्रिलदेखि जुन २०१६ | • मिडिया मिसन, पत्रकार सुरक्षा आकस्मिक कोषलगायत | इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) | सम्पन्न |
| ८ | अवहेलना विधेयकको अध्ययन तथा समीक्षा | मे २०१५ - अगस्ट २०१५ | • अदालतको अवहेलनासम्बन्धी विधेयकमा मिडिया स्वतन्त्रतासम्बन्धी प्रावधानको समीक्षा गरी प्रतिवेदन तयार गर्ने | एलायन्स फर सोसियल डाइलग | सम्पन्न |
| ९ | वातावरण परिवर्तन परियोजना | अगस्ट २०१४ देखि नोभेम्बर २०१४ | • चितवन अन्नपूर्ण भू-परिधि क्षेत्रमा वातावरणीय परिवर्तनका विषयमा रिपोर्टिङका लागि सञ्चारकर्मीको क्षमता अभिवृद्धि तालिम | विश्व वन्यजन्तु कोष | सम्पन्न |
| १० | सुरक्षा र दण्डहीनताका विषयमा ट्रेड युनियन रणनीति | सेप्टेम्बर २०१४ देखि नोभेम्बर २०१४ | • साङ्गठनिक नेतृत्व विषयक कार्यशाला | आइएफजे | सम्पन्न |
| ११ | पत्रकार सुरक्षा अभिवृद्धि परियोजना | अगस्ट २०१४ देखि डिसेम्बर २०१४ | • मिडिया अधिकार उल्लङ्घनका घटनाको अनुगमन ढाँचा निर्माण कार्यशाला<br>• पत्रकार सुरक्षामा न्यायिक निकायहरूको भूमिका विषयक क्षेत्रीय परामर्श गोष्ठी<br>• शान्ति स्थापनामा मिडियाको भूमिका विषयक क्षेत्रीय परामर्श गोष्ठी<br>• सेल्फ सेन्सरसिपका विषयमा क्षेत्रीय परामर्श गोष्ठी<br>• सेल्फ सेन्सरसिपका विषयमा राष्ट्रिय सम्मेलन | युनेस्को | सम्पन्न |

*(परियोजनाका आर्थिक आय/व्यय कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवदेनमा विस्तृत उल्लेख गरिएको छ ।)*

## अनुसूची -७

**महासङ्घका मुख्य गतिविधि**

१. IFJ को सहयोगमा २०७१ आषाढ ३० गते Union Leadership तालिम सम्पन्न । उक्त कार्यक्रममा २८ जना सहभागी हुनुहुन्थ्यो । त्यसैगरी २०७१ आषाढ ३१ र ३२ गते Media Rights Monitoring तालिम सम्पन्न । सो तालिममा २७ जनको सहभागिता रहेको थियो ।

२. USAID को आर्थिक सहयोगमा नेपाल पत्रकार महासङ्घ तथा अरु सहयोगी संस्थाहरु WWF, CARE-Nepal, FECOFUN, National Trust for Nature Conservation को संयुक्त रुपमा सञ्चालित परियोजना क्षेत्रमा Training on Building Capacity of Media Personnel to Document and Report Climate Change issues in Chitwan Annapurna Landscape (CHAL) वातावरण परिवर्तन सम्बन्धी स्थानीय पत्रकारहरुलाई २ दिने तालिम अन्तर्गत तनहुँमा साउन २९ र ३० गते, स्याङ्जामा साउन ३० र ३१ गते, पर्वतमा भदौ २ र ३ गते तथा म्याग्दीमा भदौ ३ र ४ गते तालिम सम्पन्न । यस कार्यक्रम अन्तर्गत बाँकी ३ जिल्ला रसुवा, पाल्पा र गुल्मीमा यही नोभेम्बर १० तारिख सम्म सम्पन्न गरिसक्नु पर्नेछ ।

३. शिक्षा विभागको आर्थिक सहयोगमा हरेक वर्ष शिक्षा पत्रकारितामा रिपोर्टिङ्ग गरेका पत्रकारहरुलाई प्रदान गरिने शिक्षा पत्रकारिता पुरस्कार २०७१ भदौ २४ गते सम्पन्न । कार्यक्रममा १०८ जनाको उपस्थिति रहेको थियो ।

४. UN Peacebuilding Fund को आर्थिक सहयोगमा Increasing the Safety of Journalists परियोजना अन्तर्गत Building knowledge about monitoring mechanism, enhancing the capacities of media rights violations desks, organizing dialogue with justice institutions, and carrying out a national campaign for raising awareness on freedom of expression सम्बन्धी ३ महिने परियोजना अन्तर्गत दुई दिने कार्यशाला Workshop on Institutional Design and Monitoring of Media Rights Violation सम्पन्न । कार्यशालामा विभिन्न संस्थाका ३६ जनाले सहभागिता जनाएका थिए । त्यसैगरी Regional Level Seminar on Role of Journalists in Peace Building कार्यक्रम धनकुटामा २०७१ भदौ १९ गते र जनकपुरमा असोज २६ गते सम्पन्न तथा Regional Level Seminar on Role of Justice Institutions in Protecting Journalists कार्यक्रम बिराटनगरमा २०७१ भदौ २० गते र मकवानपुरमा असोज २७ गते सम्पन्न । यस परियोजना अन्तर्गत Institutional Design and Monitoring को Manual छपाई गर्न बाँकी । उक्त कार्यक्रमहरुमा धनकुटामा ४३ जना, जनकपुरमा ५८ जना, बिराटनगरमा ३६ जना र मकवानपुरमा ६९ जनाको सहभागिता रहेको थियो ।

५. नेपाल पत्रकार महासङ्घले २०७१ कात्तिक १८ गते माननीय सूचना तथा सञ्चार मन्त्री डा. मिनेन्द्र रिजाललाई राष्ट्रिय आमसञ्सार प्रशिक्षण प्रतिष्ठान स्थापनाको अवधारणापत्र पेश गरियो ।

६. नेपाल पत्रकार महासङ्घ र संसदीय मामिला पत्रकार समाज संग २०७१ कात्तिक २० गते महासङ्घको ३ महिले संविधान निर्माण अभियान सम्बन्धी छलफल कार्यक्रम सम्पन्न ।

७. नेपाल पत्रकार महासङ्घ उपलब्ध कार्यसमितिको २०७१ कात्तिक २३ गते “सञ्चार प्रतिष्ठानलाई लैङ्गिक मैत्री बनाउने निर्देशिका २०७१” को मस्यौदा सम्बन्धीमा छलफल कार्यक्रम सम्पन्न ।

८. USAID को आर्थिक सहयोगमा नेपाल पत्रकार महासङ्घ तथा अरु सहयोगी संस्थाहरु WWF, CARE-Nepal, FECOFUN, National Trust for Nature Conservation को संयुक्त रुपमा सञ्चालित परियोजना क्षेत्रमा Training on Building Capacity of Media Personnel to Document and Report Climate Change issues in Chitwan Annapurna Landscape (CHAL) वातावरण परिवर्तन सम्बन्धी स्थानीय पत्रकारहरुलाई २ दिने तालिम अन्तर्गत पाल्पामा २०७१ कात्तिक २२ र २३ गते तथा गुल्मीमा २०७१ कात्तिक २३ र २४ गते सम्पन्न । यसैसाथ यो परियोजना सम्पन्न भएको छ ।

९. तीन महिने संविधान निर्माण अभियान तथा श्रमजीवी पत्रकार सम्बन्धी विभिन्न सञ्चार प्रतिष्ठानहरुसंग २०७१ कात्तिक २४ गते छलफल कार्यक्रम सम्पन्न ।

१०. लमजुङको घलेगाउँमा भएको नेपाल पत्रकार महासङ्घको तेस्रो कार्यसमिति बैठकबाट पारित सविधान निर्माण र श्रमजीवी पत्रकार सम्बन्धी विषयमा एसोसिएट संस्थाहरुसँग २०७१ कात्तिक २५ गते छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

११. नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा.महेन्द्र विष्टको प्रतिनिधि मण्डलले २०७१ कात्तिक २६ गते प्रधानमन्त्री सुशील कोइरालालाई संविधान निमार्ण र पेशागत मुद्दाका विषयमा ध्यानाकर्षण पत्र बुझाएको थियो ।

१२. नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डल र भूतपूर्व प्रधानमन्त्री तथा एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डवीच २०७१ मंसिर १ गते उहाँकै निवास लाजिम्पाटमा संविधान निर्माण र पेशागत मुद्दाका विषयमा छलफल भएको थियो ।

१३. नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डल र संविधान सभा विकास समिति बीच २०७१ मंसिर ३ गते संविधान निर्माण र पेशागत मुद्दाका विषयमा छलफल भएको थियो ।

१४. नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डलले संविधान सभाका सभामुख सुवास नेम्वाङलाई २०७१ मंसिर ४ गते संविधान निर्माण र पेशागत मुद्दाका विषयमा ध्यानाकर्षण पत्र बुझाएको थियो ।

१५. नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बीच उहाँकै निवास बालकोटमा २०७१ मंसिर १२ गते संविधान निर्माण र पेशागत मुद्दाका विषयमा छलफल भएको थियो ।

१६. IFJ को सहयोगमा नेपालगन्जमा २०७१ मंसिर १६ र १७ गते Union Leadership तालिम सम्पन्न भएको थियो । उक्त गोष्ठीमा ३० जना भन्दा बढीको सहभागीता रहेको थियो ।

१७. नेपाल पत्रकार महासङ्घले आयोजना गरेको ३ महिने संविधान निर्माण अभियान अन्तर्गत थप कार्यक्रमको लागि २०७१ मंसिर २८ गते उपलब्ध कार्यसमितिको बैठक आयोजना गरिएको थियो । सो बैठकमा थप कार्यक्रम आयोजना गर्ने निर्णय भएको थियो ।

१८. माननीय सूचना तथा सञ्चारमन्त्री डा. मिनेन्द्र रिजाले आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न २०७१ पौष ४ गते प्रस्तावित क्षेत्रको स्थलगत निरिक्षण अन्तर्गत नेपाल पत्रकार महासङ्घको नवनिर्मित भवनको भ्रमणका साथै महासङ्घका पदाधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

१९. नेपाल पत्रकार महासङ्घको ३ महिने संविधान निर्माण अभियान अन्तर्गत २०७१ पौष ८ गते नेपाल

पत्रकार महासङ्घ र शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) को संयुक्त आयोजनामा संविधानसभा भवन अगाडी विरोध प्रर्दशनको आयोजना गरेको थियो । साथै देशभरका नेपाल पत्रकार महासङ्घको जिल्ला शाखाले आ-आफ्नो शाखाको जिल्ला प्रशासन कार्यालय अगाडी १ घण्टा विरोध प्रर्दशनको आयोजना गरेको थियो ।

२०. FES को सहयोगमा २०७१ पौष ९ गते राष्ट्र निर्माणमा मिडियाको भूमिका (Role of Media in Nation Building) गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा ८० जना भन्दा बढीको सहभागीता रहेको थियो ।

२१ .आमसञ्चार नीति सम्बन्धी २०७१ पौष २० गते नेपाल पत्रकार महासङ्घको समावेशी समितिको बैठक बसेको थियो ।

२२. नेपाल पत्रकार महासङ्घको टोलीले २०७१ पौष २१ गते माननीय सूचना तथा सञ्चार मन्त्री डा. मिनेन्द्र रिजाललाई श्रमजीवी पत्रकारका विभिन्न मुद्दा र मिडियामा समावेशिताको विषयमा ज्ञापनपत्र बुझाएको थियो ।

२३. फ्रान्स स्थित व्यङ्ग्य पत्रिका शार्ली हेब्डोका मारिएका पत्रकारहरुको सम्झनामा २०७१ पौष २५ गते काठमाडौंको वसन्तपुरमा नेपाल पत्रकार महासङ्घले शोक सभा आयोजना गरेको थियो । जसको संयोजन कार्टुनिस्ट कल्वले गरेको थियो ।

२४. UN Peacebuilding Fund को आर्थिक सहयोगमा Increasing the Safety of Journalists परियोजना अन्तर्गत **“प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचा सम्बन्धी साझा मानदण्ड”** तथा मिडिया अनुगमन सम्बन्धी वेबसाइट www.journosafenepal.org माघ ५ गते विमोचन ।

२५. नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालको सयुक्त आयोजनामा २०७१ माघ ११ गते काठमाडौंमा **“कर्णालीको पत्रकारीता :चुनौती र अवसर** ” विषयमा अन्तरक्रिया गरेको थियो ।

२६. नेपाल पत्रकार महासङ्घ र मिडिया सञ्चालक तथा व्यवस्थापकहरु बीच २०७१ माघ २० गते **“श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागी भावी रणनीति”** विषयमा छलफल कार्यक्रम आयोजना गरेको थियो ।

२७. नेपाल पत्रकार महासङ्घले २०७१ फागुन ३ र ६ गते महासङ्घका पूर्वअध्यक्षहरु र सरोकारवालाहरुसंग आमसञ्चार नीतिको मस्यौदा सम्बन्धी छलफल कार्यक्रम आयोजना गरेको थियो ।

२८. मिति २०७१/११/१७ गते नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डलद्वारा प्रधानमन्त्री सुशील कोइरालालाई प्रधानमन्त्री निवास वालुवाटारमा भेटी महासङ्घका मुद्धा र श्रमजीवी पत्रकारका समस्यासमेतका विषयमा छलफल गरिएको थियो । मिति २०७१/११/१९ मा युनेस्कोको Increasing the safety of journalists परियोजना अन्तर्गत Regional Consultation on Self Censorship कार्यक्रम बिराटनगरमा आयोजना गरिएको थियो । त्यसैगरी, सोही दिन उक्त कार्यक्रम पछि नेपाल पत्रकार महासङ्घको पूर्वाञ्चल क्षेत्रीय भेला सम्पन्न भएको थियो ।

३०. मिति २०७१/११/२७ मा नेपाल पत्रकार महासङ्घले NRNA का अध्यक्ष शेष घले सहितको टोलीलाई महासङ्घमा स्वागत कार्यक्रम सहित नेपाल पत्रकार महासङ्घ NRNA बीच सहकार्य गरी अगाडि बढ्ने सम्बन्धमा छलफल गरेको थियो ।

३१. मिति २०७१/११/२८ मा नेपाल पत्रकार महासङ्घको सुदूर पश्चिमाञ्चल भेला कैलालीमा सम्पन्न ।

३२. मिति २०७१/१२/०२ नेपाल पत्रकार महासङ्घले पूर्वअध्यक्ष र सरोकारवाला व्यक्तिसंग आमसञ्चार नीतिको मस्यौदा माथि नेपाल पत्रकार महासङ्घ, केन्द्रीय कार्यालयमा छलफल गरेको थियो ।

३३. मिति २०७१/१२/०३ नेपाल पत्रकार महासङ्घले सूचना तथा सञ्चार मन्त्रालयबाट तयार गरिएको आमसञ्चार नीति २०७१ को मस्यौदाका सम्बन्धमा सञ्चार सम्बद्ध विभिन्न संघ संस्था र सरोकारवाला पक्षसँग विभिन्न चरणमा छलफल गरी तय भएको आमसञ्चार क्षेत्रको धारणा सञ्चार मन्त्री डा. मिनेन्द्र रिजाललाई बुझाएको थियो ।

३४. मिति २०७१/१२/११ मा युनेस्कोको Increasing the safety of journalists परियोजना अन्तर्गत Regional Consultation on Self Censorship कार्यक्रम पोखरामा आयोजना गरिएको थियो । त्यसैगरी, सोही दिन उक्त कार्यक्रम पछि नेपाल पत्रकार महासङ्घको पश्चिमाञ्चल क्षेत्रीय भेला सम्पन्न भएको थियो ।

३५. मिति २०७१/१२/१३ मा नेपाल पत्रकार महासङ्घको मध्यमाञ्चल क्षेत्रीय भेला चितवनमा सम्पन्न भएको थियो ।

३६. मिति २०७१/१२/१४ मा नेपाल पत्रकार महासङ्घको ६०औं वर्षगाँठको अवसरमा सभासद र पत्रकार बीच दशरथ रंगशालामा मैत्रीपूर्ण फुटवल खेल भएको थियो । त्यसैगरी, सोही कार्यक्रम अन्तर्गत मिति २०७१/१२/१५ मा नेपाल पत्रकार महासङ्घ, काठमाडौं शाखा, भृकुटी मण्डपमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो भने मिति २०७१/१२/१६ मा बिहान ७ बजे भृकुटी मण्डपबाट शान्तिवाटिकासम्म प्रभातफेरी र दिउँसो प्रज्ञा प्रतिष्ठान, कमलादीमा विशेष जलपान कार्यक्रम आयोजना गरिएको थियो ।

३७. मिति २०७१/१२/२० मा नेपाल पत्रकार महासङ्घ र अनौपचारिक शिक्षा केन्द्रसँगको सहकार्यमा 'साक्षर नेपाल अभियानमा सभासदको भूमिका' विषयक अन्तरर्क्रिया कार्यक्रम रोयल क्याफे, तिनकुनेमा आयोजना गरिएको थियो ।

३८. मिति २०७१/१२/२० मा नेपाल पत्रकार महासङ्घको प्रतिनिधि मण्डलले मृत अवस्थामा भेटिएका उदयपुरका पत्रकार रामप्रसाद भट्टराईको मृत्यु शंकास्पद देखिएकोले घटनाको छानविन गरी दोषीलाई कारवाहीको लागि दबाव दिन गृहमन्त्री वामदेव गौतमलाई ध्यानाकर्षण गराएको थियो ।

३९. मिति २०७१/१२/२९ मा युनेस्कोको Increasing the safety of journalists परियोजना अन्तर्गत Regional Consultation on Self Censorship कार्यक्रम नेपालगञ्जमा आयोजना गरिएको थियो ।

४०. मिति २०७२/०१/०३ मा नेपालमा अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षाका विषयमा अन्तर्राष्ट्रिय मिडिया मिसनले २०७२ बैशाख ६ देखि १० सम्म नेपाल भ्रमण गर्ने सम्बन्धमा तयारीका लागि सञ्चार सम्बद्ध संस्थाहरूसँग छलफल गरेको थियो ।

४१. मिति २०७२/०१/०४ मा युनेस्कोको Increasing the safety of journalists परियोजना अन्तर्गत National Conference on Self Censorship कार्यक्रम ईन्द्रेणी फुडल्याण्ड, काठमाडौंमा आयोजना गरिएको थियो ।

४२ .मिति २०७२/०१/०६ देखि २०७२/०१/०९ सम्म अन्तर्राष्ट्रिय मिडिया मिसन २०१५ आयोजना गरिएको थियो । सो कार्यक्रममा मिसन टोली र राजनीतिक दलका प्रतिनिधिबीच पत्रकार सुरक्षा र अभिव्यक्ति स्वतन्त्रताका विषयमा छलफल गर्नुका साथै टोलीले संविधानसभाका सभाध्यक्ष सुवासचन्द्र

नेम्वाङसँग भेटघाट गरेका थिए । त्यसैगरी, मिसन टोली र मिडिया व्यवस्थापकबीच पत्रकार सुरक्षा र अभिव्यक्ति स्वतन्त्रताका विषयमा छलफल भएको थियो भने सञ्चार मन्त्री डा. मिनेन्द्र रिजालसँग पनि भेटघाट गरेका थिए । सोही कार्यक्रममा मिसन टोलीले पत्रकार सुरक्षा र अभिव्यक्ति स्वतन्त्रताका विषयमा श्रमजीवी पत्रकारका पेशागत संगठनहरूसँग छलफल गरेका थिए । मिसन टोलीले नेपाल पत्रकार महासङ्घकेन्द्रीय कार्यालय भ्रमण गर्नुका साथै सोही दिन पत्रकार सम्मेलन पनि गरेको थियो ।

४३. मिति २०७२/०२/०२ मा महाभूकम्पमा ज्यान गुमाएका पत्रकार सुमन बोम्जनको सम्झनामा नेपाल पत्रकार महासङ्घ, केन्द्रीय कार्यालयमा श्रद्धाञ्जली सभा आयोजना गरिएको थियो ।

४४. मिति २०७२/०२/०४ नेपाल पत्रकार महासङ्घले महाभूकम्प र तत्पश्चातका लगातारको पराकम्पनका कारण मुलुकमा उत्पन्न भैरहेको विपत्तिका बावजुद पनि नेपाली पत्रकार र सञ्चारमाध्यमबाट निर्वाह भैरहेको भूमिका र यस्तो विपत्तिको अवस्थामा मिडियाले प्रवाह गर्ने सूचना, सन्देश र विषयवस्तु अझ प्रभावकारी तुल्याउन नेपाल पत्रकार महासङ्घले प्रमुख सञ्चारमाध्यमका सम्पादक र सम्वद्ध संघसंस्थाका प्रमुखसँग छलफल आयोजना गरेको थियो ।

४५. मिति २०७२/२/८ मा नेपाल पत्रकार महासङ्घ यूएई शाखाले भूकम्पपीडित पत्रकार राहात कोषको लागि नेपाल पत्रकार महासङ्घलाई सहयोग रकम हस्तान्तरण गरेको थियो ।

४६. मिति २०७२/०२/११ देखि २०७२/०२/१५ सम्म युनेस्कोको RTI परियोजना अन्तर्गत खोज पत्रकारिता र सूचनाको हक सम्बन्धी ५ दिने तालिम दिक्तेल, खोटाङमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा भोजपुर र खोटाङका पत्रकारहरू सहभागी भएका थिए । कार्यक्रममा विज्ञका रुपमा काशीराज दाहाल, यज्ञ शर्मा, राजेश चाम्लिङ र महासङ्घ केन्द्रबाट केन्द्रीय सदस्य गणेश लम्सालको सहभागिता रहेको थियो । सूचनाको हकलाई प्रयोग गरेर अनुसन्धान आलेख तयार गर्न विगतदेखि भएको कार्यक्रमका क्रममा सहमति भएकोमा एउटा पनि आलेख नआएका कारण परियोजना कार्यसमेत प्रभावित भैरहेको कारण युनेस्को र प्रशिक्षण प्राप्त पत्रकारलाई समन्वय र ताकेता गरी कार्यप्रगति गराउन तत्काललाई रोहित दाहाल र गोकर्ण भट्टलाई जिम्मेवारी दिइएको ।

४६ मिति २०७२/०२/१९ देखि २०७२/०२/२३ सम्म युनेस्कोको RTI परियोजना अन्तर्गत खोज पत्रकारिता र सूचनाको हक सम्बन्धी ५ दिने तालिम बर्दिबास, महोत्तरीमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा धनुषा, सिरहा, सप्तरी र महोत्तरीका पत्रकारहरू सहभागी भएका थिए । कार्यक्रममा विज्ञको रुपमा डा. रामकृष्ण तिमल्सेना, सुरेश आचार्य, हस्त गुरुङ, महासङ्घ
बाट अध्यक्ष डा. महेन्द्र विष्ट, केन्द्रीय सदस्य शीतल महतो, रोहित दाहाल, अजय अनुरागीको सहभागिता रहेको थियो ।

४७. नेपाल पत्रकार महासङ्घको महिला समिति, क्रियाशिल पत्रकार महिला समूह, सञ्चारिका समूह र अस्मिता प्रकाशन गृहको संयुक्त आयोजनामा मिति २०७२/०२/२५ मा महाभूकम्प र लगातारका पराकम्पनबाट पत्रकार महिलाहरूमा पारेको असर र मिडियाले खेलेको भूमिका बारे छलफल गरेको थियो ।

४८. मध्यपश्चिमको क्षेत्रीय भेला २०७२ वैशाख १३ गते बर्दियामा आयोजना गर्ने निश्चित भएको थियो । महाभूकम्पका कारण उक्त बैठक हुन सकेन । त्यस्तै उपत्यका र प्रतिष्ठान शाखाको समेत भूकम्पकै कारण क्षेत्रीय भेला हुन सकेन । वैशाखभित्र शाखा अध्यक्षको भेला गर्ने पहिल्यै निर्णय भए पनि भूकम्पकै कारण हुन सकेन । यी भेलाहरू उपयुक्त समयमा चाँडै गरिने छ ।

४९. मिति २०७२/३/१ मा हिमालय टेलिभिजन र एभिन्यूज टेलिभिजनको व्यवस्थापन पक्षले महासङ्घसँग भएको सहमति कार्यान्वयन नगरेको भन्दै महासङ्घले हिमालय टेलिभिजन र एभिन्यूज टेलिभिजनमा १ घन्टा धर्ना दिएको थियो । साथै, धर्ना पछि एभिन्यूजमा सोहीदिन सहमति भयो ।

५०. मिति २०७२/३/२ मा हिमालय टेलिभिजनमा पुनः धर्ना कार्यक्रम भएको थियो ।

५१. मिति २०७२/३/३ मा नेपाल पत्रकार महासङ्घको धर्नापछि हिमालय टेलिभिजनमा सोही दिन सहमति भएको थियो ।

५२. मिति २०७२/३/११ गते नेपाल पत्रकार महासङ्घको आयोजनामा नयाँ संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी व्यवस्थाबारे कानुनविद् ,पूर्वअध्यक्ष र विभिन्न सञ्चार सम्बद्ध संघसंस्थासँग परामर्श बैठक सम्पन्न भएको थियो ।

५३. मिति २०७२/३/१५ गते नेपाल पत्रकार महासङ्घप्रतिष्ठान शाखाहरुको भेला महासङ्घ केन्द्रिय कार्यालयमा सम्पन्न भएको थियो ।

मिति २०७२/३/१८ मा राष्ट्रिय योजना आयोगको सहयोग र नेपाल पत्रकार महासङ्घको आयोजनामा पोषण र खाद्यसुरक्षा सम्बन्धी पत्रकारका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।

५४. मिति २०७२/३/२५ गते नेपाल पत्रकार महासङ्घले कानुनविद्हरुसँग नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामाथि अभिव्यक्ति स्वतन्त्रता र आमससञ्चारको हकसम्बन्धी टिप्पणी तथा सुझावहरु लिने कार्यक्रम गरेको थियो ।

५५. मिति २०७२/३/२७ गते नेपाल पत्रकार महासङ्घले नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामाथि अभिव्यक्ति स्वतन्त्रता र आमससञ्चारको हकसम्बन्धी टिप्पणी तथा सुझावहरु संविधानसभाका अध्यक्ष सुबास नेम्बाङमार्फत संविधानसभा समक्ष प्रस्तुत गरिएको थियो । साथै, सोही दिन महासङ्घका देशभर रहेका जिल्ला शाखाहरुले पनि प्रमुख जिल्ला अधिकारीमार्फत संविधानसभालाई मस्यौदाको टिप्पणी र सुझाव बुझाएका थिए ।

५६. मिति २०७२/४/५ गते संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी सुझाव संविधानसभा नागरिक सम्बन्ध समितिलाई बुझाइयो ।

५७. मिति २०७२/४/७ गते नयाँ संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विषयमा काठमाडौं उपत्यकाका सभासदसँगग वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

५८. मिति २०७२/४/१३ मा न्यूनतम पारिश्रमिक निर्धारण समितिका नवनियुक्त अध्यक्ष पोषण केसीलाई स्वगत कार्यक्रम गरिएको थियो ।

५९. मिति २०७२/४/१३ गते नेपाल पत्रकार महासङ्घको टोलीले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका अध्यक्ष डा.बाबुराम भट्टराईलाई संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी सुझाव बुझाएको थियो ।

६०. मिति २०७२/४/१४ मा नेपाल पत्रकार महासङ्घका एसोसिएट संथाको भेला महासङ्घकेन्द्रीय कार्यालयमा सम्पन्न भएको थियो ।

६१. मिति २०७२/४/२५ गते नेपाल पत्रकार महासङ्घको टोलीले एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटी संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी महासङ्घको अवधारणा बुझाइएको थियो ।

६२. मिति २०७२/४/२७ गते  नेपाल पत्रकार महासङ्घको टोलीले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेटी संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी महासङ्घको अवधारणा बुझाइएको थियो ।

६३. मिति २०७२/५/१० मा नेपाल पत्रकार महासङ्घले संविधानको पछिल्लो विधेयकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयहरुमा सरोकारवाला पक्षसँग छलफल आयोजना गरेको थियो ।

६४. मिति २०७२/५/१५ गते  नेपाल पत्रकार महासङ्घको मिडिया मिसन टोलीले कैलाली र बाँकेको प्रतिवेदन महासघ केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको थियो ।

६५. मिति २०७२/५/२३ गते नेपाल पत्रकार महासङ्घका उपलब्ध पदाधिकारी तथा सदस्यको बैठकले नेपालको सविधानको परिमार्जित विधयेक २०७२ स्वतन्त्रताको हकको विभिन्न धाराप्रति गम्भीर असहमति जनाउदै विरोधका कार्यकक्रम घोषणा गरिएको थियो ।

६६. मिति २०७२/५/२४ गते नेपाल पत्रकार महासङ्घका सबै सदस्यहरुले विरोधस्वरुप एकैसाथ ट्वीटर/फेसबुकलगायत सामाजिक सञ्जलमा प्रतिबन्धात्मक व्यवस्था संशोधन गरौं, संविधानमा प्रेस स्वतन्त्रताको ग्यारेन्टी गराऔं भन्ने स्ट्याटस पोष्ट गरिएको थियो ।

६७. मिति २०७२/५/२४ गते  नेपाल पत्रकार महासङ्घले सञ्चारिका समूहको नवनियुक्त कार्यसमितिलाई बधाई तथा शुभकामना कार्यक्रम गरेको थियो, जसमा सूचना आयोगका आयुक्त र सत्य निरुपण तथा बेपत्ता आयोगका सदस्यलाई पनि बधाई ज्ञापन गरिएको थियो  ।

६८. मिति २०७२/५/२५ गते  नेपाल पत्रकार महासङ्घको आयोजनामा नेपालको सविधानको परिमार्जित विधयेक, २०७२ स्वतन्त्रताको हकको विभिन्न धाराप्रति गम्भीर असहमति जनाउँदै काठमाडौको बबरमहलमा खवरदारीसभा सम्पन्न गरिएको थियो ।

६९. मिति २०७२/५/२८ मा नेपाल पत्रकार महासङ्घको टोलीले प्रधानमन्त्री सुशील कोइराला, संविधान सभाका अध्यक्ष सुवास नेम्बाङ, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल र ती पार्टीका प्रमुख सचेतकलगायतलाई एकसाथ भेटी सविधानका विषयमा छलफल गरी भावी दिनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई थप स्पष्ट गर्ने, कानुन निर्माण र संविधान संशोधनमा मिलाउने एवं व्यवहारमा यसको प्रत्याभूति गर्ने सामूहिक र सार्वजनिक प्रतिवद्धता गराएको थियो ।

७० मिति २०७२/५/२८ मा नेपाल पत्रकार महासङ्घले नेपालमा अनलाइन पत्रकारिता र चुनौती विषयमा अनलाइनका सम्पादकसँग छलफल कार्यक्रम गरेको थियो ।

७१. मिति २०७२/५/२८ गते  पत्रकार बिमाको कार्यान्वयनको विषयमा सूचना विभाग र नेपाल पत्रकार महासङ्घबीच छलफल गरिएको थियो ।

७२. मिति २०७२/६/५ गतेको सचिवालय बैठकले अघिल्लो बैठकको निर्णय अनुसार कार्यक्रम व्यवस्थापकमा हिरण्य जोशीको नियुक्तिलाई अनुमोदन गर्नुका साथै आइएफजेको थाइल्याण्डमा हुने युवा र ट्रेड युनियन नेतृत्व सेमिनारमा कोषाध्यक्ष सूर्यमणि गौतमलाई पठाउने निर्णय गरेको थियो ।

७३ मिति २०७२/६/२२ मा नेपाल पत्रकार महासङ्घले सभामुख सुबास नेम्बाङको प्रमुख आतिथ्यमा एक कार्यक्रम गरी यस वर्षको शिक्षा पत्रकारिता पुरस्कार वितरण गरेको थियो ।

७४. मिति २०७२ कात्तिक १६ गते बसेको सचिवालय बैठकले संचारकर्मी र सञ्चारमाध्यमलाई आवश्यक

पर्ने इन्धन सहजरुपमा उपलब्ध गराउन सरकारसँग माग गरेको थियो भने तराई/मधेस आन्दोलनलाई तत्काल वार्ता र सम्वादबाट हल गर्न आग्रह गरेको थियो । बैठकले सप्तरी शाखामा देखिएको विवाद सम्बन्धमा क्षेत्रीय संयोजक गणेश पोखरेल र सह-संयोजक गणेश लम्साललाई समस्याको पहिचान र समाधानको पहल गर्ने जम्मा दिने निर्णय गरेको थियो भने संखुवासभामा जिम्मेवारी हस्तान्तरण गर्न पुनः पत्राचार गर्ने निर्णय गरेको थियो । बैठकले यूके शाखाले एनआरएनएसँगको सहकार्यमा प्राप्त १२ लाख ७७ हजार ५ सय रुपैया महासङ्घलाई प्रदान गरेकोमा धन्यवाद ज्ञापन गरेको थियो । प्राप्त रकम प्राकृतिक विपत्तिका लागि अक्षयकोष स्थापना गरी सोमा जम्मा गर्ने निर्णय गरेको थियो । साथै, भूकम्प अति प्रभावित जिल्ला सिन्धुपाल्चोकको महासङ्घ शाखा भवन मर्मतलाई १ लाख ५० हजार र दोलखा शाखालाई शाखा भवन निर्माण/व्यवस्थापनका लागि १ लाख रुपैया दिने निर्णय गरेको थियो

त्यस्तै बैठकले सुर्खेत आन्दालनमा घाइते पत्रकार आइसिंह रोका मगरलाई डेनिस पत्रकारहरुबाट प्राप्त १ हजार डलर प्रदान गर्ने एवं मधेस आन्दोलनको रिपोर्टिङ्गका क्रममा क्यामेरा क्षति भएका पत्रकारद्वय विक्रम रौनियार र नविन कर्णलाई १० हजारका रुपैयाका दरले सहयोग दिने निर्णय गरेको थियो । त्यस्तै उपचारका क्रममा मृत्यु भएका वरिष्ठ पत्रकारद्वय शक्ति लम्साल र डम्बर गिरीका परिवारलाई २० हजार रुपैयाँको दरले सहयोग प्रदान गर्ने निर्णय गरियो ।

७५. मिति २०७२/०७/१९ मा नेपाल पत्रकार महासङ्घको टोलीले राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटी बधाई तथा शुभकामना व्यक्त गर्नुका साथै मुलुकमा विद्यमान समसामयिक विषय र सञ्चार क्षेत्रका विषयमा ध्यानाकर्षण गराएको थियो ।

७६. मिति २०७२/०७/२० मा नेपाल पत्रकार महासङ्घको टोलीले प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई भेटी बधाई तथा शुभकामना व्यक्त गर्नुका साथै मुलुकमा विद्यमान समसामयिक विषय र सञ्चार क्षेत्रका विषयमा ध्यानाकर्षण गराएको थियो ।

७७. मिति २०७२/०७/२३ गते नेपाल पत्रकार महासङ्घको टोलीले सभामुख ओन्सारी घर्ती र उपसभामुख गंगाप्रसाद यादवलाई भेटी बधाई तथा शुभकामना व्यक्त गर्नुका साथै मुलुकमा विद्यमान समसामयिक विषय र सञ्चार क्षेत्रका विषयमा ध्यानाकर्षण गराएको थियो ।

७८. मिति २०७२/०७/२३ गते नेपाल पत्रकार महासङ्घले नवनियुक्त सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राईलाई नेपाल पत्रकार महासङ्घमा एक कार्यक्रम गरी बधाई तथा शुभकामना प्रदान गरेको थियो ।

७९. मिति २०७२/०८/०२ मा नेपाल पत्रकार महासङ्घले अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) सँगको सहकार्यमा एशिया प्रशान्त क्षेत्रमा वेपत्ता पत्रकारहरुको खोजीको लागि अभियानस्वरुप आइएफजेद्वारा निर्माण गरिएको अनलाइन रेकर्ड (वेबसाइट) सार्वजनिक कार्यक्रम गृहमन्त्री शक्ति बस्नेतको प्रमुख आतिथ्यमा नेपाल पत्रकार महासङ्घको सभाकक्षमा सम्पन्न गरिएको थियो ।

८०. मिति २०७२/०८/०३ मा नेपाल पत्रकार महासङ्घले नेपाली मिडिया क्षेत्रका समसामयिक विषयहरुका बारेमा सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राईलाई औपचारिकरुपमा मन्त्रालयमै भेटी १८ बुँदे लिखित ध्यानाकर्षण गराएको थियो ।

८१. मिति २०७२/८/६ गते बसेको सचिवालय बैठकले दुर्घटना बिमा सूचना विभागबाट प्राविधिक काम सकिए लगत्तै गर्ने निर्णय गरेको थियो भने धनकुटामा सूचनाको हक र खोज पत्रकारिता तालिम सञ्चालन गर्ने तथा कर्मचारी हाजिरका लागि विद्युतीय हाजिरी यन्त्र राख्ने निर्णय गरेको थियो । यसको

कार्यान्वयन भैसकेको छ ।

८२. मिति २०७२/८/१० गते नेपाल सरकार, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सूचना विभाग र नेपाल पत्रकार महासङ्घको समन्वयमा सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राईको प्रमुख आतिथ्यतामा पत्रकार दुर्घटना बीमा शुभारम्भ कार्यक्रम सम्पन्न गरिएको थियो ।

८३. मिति २०७२/८/२६ गते तराई/मधेसका २२ जिल्लाका शाखा अध्यक्षहरुको भेला सम्पन्न भयो ।

८४. मिति २०७२/०९/०२ गते नेपाल पत्रकार महासङ्घको उपत्यका भेला सम्पन्न भएको थियो ।

८५. मिति २०७२/०९/१५ गते नेपाल पत्रकार महासङ्घको मध्यपश्चिममाञ्चल भेला वर्दियामा सम्पन्न भएको थियो ।

८६. मिति २०७२/१२/०७ गते नेपाल पत्रकार महासङ्घको विधानको मसौदा सम्बन्धी छलफल कार्यक्रम गरिएको थियो ।

८७. मिति २०७२/१/१६ गते नेपाल पत्रकार महासङ्घको ६१औ स्थापना दिवसको अबसरमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

८९. मिति २०७२/१२/१७ गते नेपाल पत्रकार महासङ्घको ६१औ स्थापना दिवसको अबसरमा राजनीतिकर्मी र सञ्चारकर्मी विच मैत्रिपूर्ण फुटवल खेल सम्पन्न गरिएको थियो ।

९०. मिति २०७२/१२/१८ गते नेपाल पत्रकार महासङ्घले महासङ्घका केन्द्रीय समिति र राष्ट्रिय दैनिकका सम्पादकहरु संग सहभागितामूलक नेतृत्व विकासमा मिडियाको भूमिका विषयमा छलफल कार्यक्रम गरेको थियो ।

**२०७३ बैशाख २१ गते चितवनमा सम्पन्न केन्द्रीय साधारणसभापछिका गतिविधिहरू-**

- **२०७३ भाद्र ३०**- महासङ्घका शाखा/एसोसिएट अध्यक्षहरूको राष्ट्रिय भेला पाल्पाको तानसेनमा सम्पन्न ।
- **२०७३ मंसिर १६**- अमेरिकामा क्रियाशिल संस्था मदरल्याण्ड नेपालको सहकार्यमा स्थापित २०७३ सालको 'लैङ्गिक समानता पत्रकारिता पुरस्कार' पत्रकारद्वय धिरेन्द्र प्रेमर्षी र बबिता बस्नेतलाई प्रदान गरिएको ।
- **२०७३ पुस १९**- 'शिक्षा पत्रकारिता पुरस्कार-२०७२' प्राप्त गर्ने पत्रकार तथा सञ्चारमाध्यमलाई पुरस्कार वितरण गरिएको थियो ।
- २०७३ चैत्र १६ गते- महासङ्घको ६२ औं स्थापना दिवसका अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न ।
- **२०७४ बैशाख २० गते** - विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा प्रभातफेरी र 'संवेदनशील समयका लागि संवेदनशील विचारः शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाज निर्माणमा सञ्चारको भूमिका' विषय अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- **२०७४ बैशाख २४ गते**- राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा प्रभातफेरी कार्यक्रम सम्पन्न ।
- **२०७४ असार २३ गते**- केन्द्रीय बालकल्याण समितिसँगको सहकार्यमा बालसंवेदनशील राष्ट्रिय पत्रकाररिता पुरस्कार वितरण कार्यक्रम सम्पन्न ।
- **२०७४ साउन १७ गते**- नवनियुक्त सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतलाई महासङ्घद्वारा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।